विकास, मानवीय सहयोग र शान्ति स्थापना पद्धति स्रोत-पुस्तिकाबाट सङ्क्षेपीकृत
२०६१ मा अङ्ग्रेजी भाषामा प्रकाशित

# विकास, मानवीय सहयोग र शान्ति स्थापना पद्धति : एक परिचय

Africa Peace Forum

CECORE

CONSORTIUM OF CHA HUMANITARIAN AGENCIES (GTE) LIMITED

fewer international forum on early warning and early response

International Alert.

SAFERWORLD

# विकास, मानवीय सहयोग र शान्ति स्थापना पद्धति : एक परिचय

*यस दस्तावेजका उद्देश्य* *

यो दस्तावेजले निम्न कुराहरूको व्याख्या गर्दछ :

- विकास संवेनशीलता भन्नाले के बुझिन्छ ?
- कसले कति वेला यो पद्धति अपनाउनु पर्छ ?
- कसरी द्वन्द्व संवेदनशीलतालाई विकास, मानवीय सहायता, शान्ति निर्माण र यस क्षेत्रमा भइरहेको वर्तमान संवादमा समेट्ने ?

*यो दस्तावेज कसले पढ्ने ?*

यो दस्तावेज ती सबै व्यक्तिहरूले पढ्नु पर्दछ जसको विकास, मानवीय सहयोग र शान्ति स्थापनाप्रति दायित्वबोध छ तथा जो हिंसात्मक द्वन्द्वका जोखिममा छन् अथवा यसबाट प्रभावित छन् ।

*उनीहरूले यो दस्तावेज किन पढ्ने ?*

आफूले गरिरहेको कामको क्षेत्रमा केही असम्बन्धित जस्तो देखिए पनि आफ्नो कामको सीमाभित्र द्वन्द्व संवेदनशीलताको सन्दर्भलाई बुझ्न, आफ्ना नीति र कार्य सञ्चालनमा द्वन्द्व संवेदनशीलताको स्थान पहिचान गर्न उनीहरूलाई सहयोग गर्न, संवेदनशीलता एउटा बिल्कुलै नयाँ प्रक्रिया होइन र उनीहरूको कामको थप अंश पनि होइन भन्ने सम्बन्धमा उनीहरूलाई बताउन ।

* (१) प्रस्तुत सामग्री 'विकास, मानवीय सहयोग तथा शान्ति स्थापना' नामक स्रोत-निर्देशिकाबाट साभार गरिएको हो,
© सर्वाधिकार एपिएफओ, सेकोर, सिएचए, फेवेर, इन्टरनेसनल एलर्ट र सेफरवर्ल्ड २०६० मा ।

# विषयसूची

१ प्रमुख अवधारणाको परिचय

२ विकास र द्वन्द्व

३ मानवीय सहायता र द्वन्द्व

४ द्वन्द्व संवेदनशील साझेदारी

५ शान्ति स्थापना र द्वन्द्व

**परिशिष्ट क** : द्वन्द्ववरिपरि, द्वन्द्वभित्र र द्वन्द्वका बारेमा गरिने कामको भिन्नता र अन्तरसम्बन्ध

# १ प्रमुख अवधारणाको परिचय

## १.१ केही परिभाषाहरू

### *संवेदनशीलता*

यसले तपाईंको संगठनको निम्नलिखित क्षमतालाई जनाउँछ -

- तपाईंले काम गर्ने संगठनको सन्दर्भबारे जानकारी
- तपाईंको काम गर्ने शैली र सन्दर्भका बीचको अन्तर्क्रियालाई बुझ्नु ।
- नकारात्मक प्रभावबाट बच्न र सकारात्मक प्रभावलाई बढाउनको लागि यो अन्तरक्रियाको समझदारीअनुसार काम गर्नु

***टिप्पणी:***

*सबै सामाजिक आर्थिक र राजनीतिक तनाव, मूलभूत कारण र संरचनात्मक तत्व द्वन्द्व संवेदनशीलताप्रति सान्दर्भिक छन् । यी सबै हिंसात्मक हुन खोज्दछन् भन्ने कुरा देखाउन यहाँ 'द्वन्द्व' को सट्टा "सन्दर्भ" भन्ने शब्द राखिएको छ । द्वन्द्वलाई कहिले काहीं गलत तरिकाले दुईवटा युद्धरत पक्षको बृहत् राजनीतिक हिंसासित मिसाउने गरिन्छ । त्यसैगरी सरकार र गैरराज्य बीचको गृहयुद्धसँग पनि यसको तुलना गरिन्छ ।*

### *सन्दर्भ*

यसले ठूलोदेखि सानो स्तर सम्मका कामको कार्यसञ्चालन वातावरणको चर्चा गर्दछ । (अर्थात समुदाय, जिल्ला/प्रान्त र क्षेत्रहरू, देश, छिमेकी मुलुकहरूआदि ।) यस दस्तावेजको प्रयोजनका लागि सन्दर्भले त्यो भौगोलिक अथवा सामाजिक वातावरणभन्ने बुझिन्छ, जहाँ कर्ता, कारण, पहिचान र गतिशीलतामा द्वन्द्वको अस्तित्व अन्तरनिहित हुन्छ ।

### *सरकार*

सरकार भनेको शासन गर्ने त्यो यन्त्र र प्रणाली हो जसले खास भौगोलिक क्षेत्रमा सार्वजनिक अधिकार प्रयोग गर्दछ । सरकार राष्ट्रिय, क्षेत्रीय, प्रान्तीय, जिल्लाआदि विभिन्न तहमा क्रियाशील हुन्छ । सरकारले देशको प्रतिरक्षा गर्न, कानुन व्यवस्था लागू गर्न र सार्वजनिक सेवाहरू प्रदान गर्न, सार्वजनिक नीति निर्माण र कार्यान्वयन गर्न प्रयत्न गर्दछन् । कर उठाउनु र सार्वजनिक खर्चको व्यवस्थापन गर्नु सरकारको उत्तरदायित्व हुन्छ।

***टिप्पणी:***

*जहाँ सरकारका औपचरिक संयन्त्रहरू टुट्छन् त्यहाँ राज्यको प्राधिकार अरूले (उदारणका लागि स्थानीय युद्ध-सरदारहरू) लेप्रयोग गर्दछन् । त्यतिबेला उनीहरूले शासकीय शक्तिको भूमिका ग्रहण गर्छन् ।*

### *दाता*

दाताहरू भन्नाले ती संस्था हुन् जसले अनुदान र वित्तीय योगदान (सरकार अथवा स्थानीय, अन्तर्राष्ट्रिय नागरिक समाजलाई जिन्सी सहयोग) गर्छन् । एउटा दाता संस्था वेलायतको डीएफआईडीजस्तो द्वीपक्षीय तथा विश्व बैंङ्क र संयुक्त राष्ट्रसंघजस्तो बहुपक्षीय पनि हुनसक्छ, प्रतिष्ठानजस्तो लोक कल्याणकारी र स्थानीय साझेदारलाई आर्थिक कोष उपलब्ध गराउने गैरसरकारी संस्थाजस्तो पनि हुनसक्छ ।[1]


© फेवेर, इन्टरनेशनल एलर्ट तथा सेफर वर्ल्ड २०६० मा सर्वाधिकार सुरक्षित

*नागरिक समाज*

नागरिक समाज भन्नाले राज्य र बजारको समानान्तर तर अलग क्षेत्र हो जहाँ नागरिकहरू आफ्नो इच्छाअनुसार संगठित हुन्छन् । यसले गैरनाफामुखी उद्देश्यले गैरसरकारी संस्था र समुदायमा आधारित संस्था, धार्मिक संगठन, व्यावसायिक संघहरू, मजदुर संघहरू, विद्यार्थी समूह, साँस्कृतिक समूहआदि स्वस्फूर्त र स्वेच्छिक क्षेत्रको प्रतिनिधित्व गर्दछ ।[२]

*हस्तक्षेप*

हस्तक्षेप भन्नाले यहाँ कोष्ठ १ मा सूचीकृत गरिएका विभिन्न श्रेणीमा पर्ने क्रियाकलापहलाई जनाउँछ । एउटा हस्तक्षेप गाउँलेहरुलाई सहयोग गर्न इनार बनाउनुजस्तो सानो अथवा शान्ति प्रक्रिया वा सरकारको नयाँ संरचना स्थापना गर्नुजस्तो ठूलो पनि हुनसक्छ ।

**कोष्ठ १.: हस्तक्षेपका प्रकारको विकास**

आर्थिक राजनीतिक र सामाजिक स्तर, वातावरणीय सन्तुलन तथा गरिब र पछि पारिएका जनसंख्याको जीवन स्तरमा सुधार ल्याउने उद्देश्यले गरिएका दीर्घकालीन प्रयत्नहरू । मानवीय सहयोग आपत्कालीन परिस्थितिमा खासगरी स्थानीय अधिकारीहरूले राहत दिन असमर्थ अथवा अनिच्छुक भएको अवस्थामा मानवीय पीडा घटाउने उद्देश्यले गरिएका क्रियाकलाप ।[३] शान्ति स्थापना एवं दिगो शान्तिका लागि आवश्यक परिस्थितिहरू निमाण गर्न अथवा तिनीहरूलाई टिकाउन आवश्यक पर्ने अरू संयन्त्रलाई मजबुत गर्न र शान्तिपूर्ण सम्बन्धहरूलाई सुदृढ बनाउन द्वन्द्वको मध्यस्थता गर्नसक्ने, टिकाउ राजनीतिक सामाजिक, आर्थिक र साँस्कृतिक संस्थाहको निर्माण गर्न गरिएका उपायहरू ।[४]

*अन्तरक्रिया*

यसले हस्तक्षेप र यसको सन्दर्भको बीचको दोहोरो सम्बन्ध अर्थात् सन्दर्भको प्रभावलाई जनाउँछ ।

*नकारात्मक / सकारात्मक प्रभाव*

यसले द्वन्द्व चर्काउने अथवा न्यूनीकरण गर्ने अथवा सम्भावित द्वन्द्वमा योगदान पुऱ्याउँन सक्ने दृष्टिबाट माथि उल्लिखित अन्तरर्क्रियालाई वर्णन गर्दछ ।

## १.२. द्वन्द्व संवेदनशीलताको कार्यान्वयन

द्वन्द्व संवेदनशील व्यवहारको मुख्य अंग द्वन्द्व विश्लेषण हो । यसले द्वन्द्व संवेदनशील कार्यक्रम निर्माण, खासगरी हस्तक्षेप र सन्दर्भको अन्तर्क्रियाको समझदारीअनुसार तयार गरिएको कार्यक्रमको लागि आधार प्रदान गर्दछ । यस पद्धतिलाई टेवल १. मा संक्षेपीकरण गरिएको छ ।

**टेबल नं. १: द्वन्द्व संवेदनशीलता 'के' र 'कसरी'**

| के गर्ने | कसरी गर्ने |
|---|---|
| • आफूले काम गरेको सन्दर्भलाई बुझाउनु | • विश्लेषण गर्नु र यसलाई नियमित रूपले अद्यावधिक गर्नु |
| • हस्तक्षेप र सन्दर्भको अन्रक्रियालाई बुझ्नु | • विश्लेषणलाई तपाईंले तयार गर्नुभएको हस्तक्षेपको कार्यक्रम-चक्रसित जोड्नु |
| • बुझेको कुरालाई नकारात्मक प्रभावबाट बच्न र सकारात्मक प्रभावलाई बढाउन प्रयोग गर्नु | • आफ्ना हस्तक्षेपहलाई आवश्यक पर्दा पुनः निर्माण गर्ने लगायतका विषयमा संवेदनशील भएर योजना बनाउनु, कार्यान्वयन गर्नु र मूल्याङ्कन गर्नु |


© फेवेर, इन्टरनेशनल एलर्ट तथा सेफर वर्ल्ड २०६० मा सर्वाधिकार सुरक्षित

तल दिएका क्रमवद्धताले परियोजना र खास सन्दर्भ बीचको समझदारीका प्रमुख चरणहरूलाई प्रतिनिधित्व गर्दछ। यो अनुक्रम तीनवटा तत्वहरू मिलेर बनेको छ -




१. बाहिरी त्रिकोणको परिचय, कर्ताहरू, कारण र गत्यात्मक अन्तर्क्रियाका रूपमा संगठित पहिलेदेखि नै विद्यमान सन्दर्भको विश्लेषण गर्दछ।




२. भित्री परियोजना घेराले योजना, कार्यान्यन, अनुगमन र मूल्याङ्कनजस्ता घटकको रूपमा संगठित प्रस्तावित हस्तक्षेपको चक्रलाई प्रतिनिधित्व गर्दछ।

३. ठूला तीरहरूले सन्दर्भ र परियोजना बीचको अन्तरक्रियाको मूल्याङ्कनलाई प्रतिनिधित्व गर्दछन्।

## *निर्देशक सिद्धान्त*

तलका सिद्धान्तहरूको विश्लेषण गर्नु र यसलाई नियमित रूपले अद्यावधिक गर्नु द्वन्द्व संवेदनशील पद्धतिको कार्यान्वयनको प्रक्रियासित सम्बन्धित छन्। सन्दर्भअनुसार तिनीहरूलाई थप परिभाषित गर्नुपर्ने हुनसक्छ।

- सहभागितामूलक प्रक्रिया
- कर्ता, समावेशीकरण, सवाल र अवधारणा
- पारदर्शिता
- द्वन्द र पीडामा जनताको स्वामित्वको सम्मान
- आफ्ना कामप्रतिको जवाफदेहिता
- साझेदारी र समन्वय
- पुरकता र एकरूपता
- समयबद्धता


© फेवेर, इन्टरनेशनल एलर्ट तथा सेफर वर्ल्ड २०६० मा सर्वाधिकार सुरक्षित

*द्वन्द्व संवेदनशीलता लागू गर्न चाहनेहरूका लागि अवधारणा*

यो विषय द्वन्द्व संवेदनशीलताको संस्थागत पूर्वशर्तसित सम्बन्धित छ -

- द्वन्द्व संवेदनशीलता कार्यान्वयन गर्ने इच्छा र क्षमता
- द्वन्द्व संवेदनशीलताबारे निरन्तर रूपमा सिक्ने र संस्थागत सामञ्जस्य कायम गर्ने खुला मनस्थिति
- अनिश्चितताको सामना गर्ने क्षमता र तत्परता ।
- हस्तक्षेपको प्रभावको मात्रा र सीमालाई स्वीकार गर्ने इमान्दारी र विनम्रता
- संस्थाले काम गर्ने व्यापक प्रणालीको जटीलता र अन्तर-निर्भरतालाई स्वीकार गर्नु

## १.३ समय र स्रोतको तात्पर्य

विकासमा द्वन्द्व सम्वेदनशीलतालाई संयोजन गर्नुको अर्थ कार्यक्रम निर्माणको बारेमा अर्को प्रकारले सोच्नु हो र नयाँ संस्थागत चिन्तन शैली ग्रहण गर्नु हो । सुरूमा बढी स्रोत (मानवीय र वित्तीय दुवै) आवश्यक हुनसक्छ । समय बित्दै जाँदा संगठनको ढाचा, संरचना र प्रक्रियाहरूमा द्वन्द्व संवेदनशील व्यवहारले जरा गाड्दै गएपछि यी स्रोतहरूको आवश्यकता घट्दछ । द्वन्द्वका सवालहरूप्रति संवेदनशील नहुँदा चुकाउनुपर्ने मूल्यको तुलनामा यी खर्चहरू कुनै अर्थमा पनि धेरै हुदैनन् । द्वन्द्वले सिर्जना गर्ने खर्च हेरौं -

- बाधा-अड्चन फुकाउन र अग्नि नियन्त्रणमा खर्चको बर्बादी
- टिकाउ नहुने कार्यक्रम सञ्चालन
- बलजफ्ती परियोजना बन्द हुनु अथवा सुरक्षित इलाकामा फर्केर जानु
- सम्पूर्ण परियोजना या कार्यक्रमहरू कार्यान्वयन गर्ने असमर्थता
- कर्मचारी तथा लाभ-प्रदायकहरूलाई सङ्कटमा पार्नु

यदि द्वन्द्व संवेदनशीलता छैन भने बाटो खन्नेजस्तो सबैको हित हुने काम गर्दासमेत द्वन्द्व जन्मिन सक्छ, जसले अनावश्यक रूपमा मानव जीवनको क्षति गराउँछ, दुःख बढाउँछ र संस्थागत तथा आर्थिक क्षति गराउँछ । (कोष्ठ २ हेर्नुहोस् )

**कोष्ठ २: गलत दिशामा गएको मानवीय सहयोग**

विकास मानवीय तथा शान्ति स्थापनाको काम गलत दिशामा गएको एउटा निकृष्ट उदाहरण सन् १९९४ (२०५१ साल) मा रूवाण्डामा भएको नरसंहार हो ।

आमरूपमा भन्नुपर्दा राहत निकायहरूले रूवाण्डाको सामाजिक संरचनालाई थोरै मात्र बुझेका थिए र कार्यक्रमको योजना निर्माण र कार्यान्वयनमा उनीहरूले लाभग्राहीहरूको विचारलाई बेवास्ता गरेका थिए । शरणार्थी सङ्कट सुरु भएको पहिलो हप्तामा खाद्य वितरणमा परम्परागत सरकारी संरचना प्रयोग गरिएको थियो । खाद्यान्नको ठूलो हिस्सा अन्तै मोडिएको थियो र जोखिममा परेको समूहले खाद्यान्न पाएको थिएन । यी कमजोरीहरू सम्बोधन गर्न खोज्दा हिंसात्मक प्रतिकार भएको थियो । यस प्रतिकारका कारण खाद्यान्न वितरण प्रभावकारी भएको थियो ।"[५]

खाद्यान्न वितरण प्रभावकारी भए पनि शरणार्थी शिविर भित्रको उच्च असुरक्षा र हिंसा तथा वरिपरिका जनसंख्यामा शिविरहरूको नकारात्मक प्रभावका कारण यो हस्तक्षेपलाई सफल भन्न सकिने थिएन ।


© फेवेर, इन्टरनेशनल एलर्ट तथा सेफर वर्ल्ड २०६० मा सर्वाधिकार सुरक्षित

# २ विकास र द्वन्द्व

विकास सहायतामा द्वन्द्व संवेदनशीलताले हिंसात्मक द्वन्द्व अथवा हिंसात्मक द्वन्द्वको सम्भावनालाई घटाउने मात्र होइन बरू यसले सहायताको प्रभावकारितालाई पनि बढाउँछ। द्वन्द्व संवेदनशीलताबिनाको विकास सहायताले नजानीकनै द्वन्द्वलाई बढावा दिन्छ र अन्त्यमा फाइदा भन्दाबेफाइदा पुऱ्याउँछ।

**कोष्ठ ३: द्वन्द्व र विकास बीचको सम्बन्ध**

*प्रमुख निष्कर्ष*

- द्वन्द्व र हिंसाले गरिबी बढाउँछ। गरिबी प्रायः संरचनात्मक हिंसाको परिणाम हो।
- द्वन्द्व प्रायः ठोस गुनासाहरूबाट उत्पन्न हुन्छ तर निजी आर्थिक स्वार्थ (युद्ध अर्थतन्त्र) त्यति बेलै मौलाउँछ। ती आर्थिक स्वार्थहरू नै शान्तिका प्रमुख बाधाहरू हुन्।
- आमरूपमा गरिबीलाई प्रभाव पार्न प्ररिलक्षित विकासले हिंसात्मक द्वन्द्वलाई रोक्न मद्दत गर्दछ, तरपनि कहिले काहीं हिसात्मक द्वन्द्वलाई चर्काउने काम पनि गर्दछ।

*संवेदनशील विकासका लागि सुझाव*

- गरिबी निवारणका निम्ति द्वन्द्व र यसका कारणहरू सम्बोधन गर (द्वन्द्व विश्लेष्ण, द्वन्द्व संवेदनशील योजनाहरूमा)
- असमानता, युद्ध अर्थतन्त्रजस्ता हिंसात्मक द्वन्द्वलाई चर्काउने आर्थिक गतिशीलतालाई द्वन्द्व विश्लेषण, द्वन्द्व संवेदनशील योजनामा सम्बोधन गर
- द्वन्द्व संवेदनशील योजना निर्माण, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्दा विकासबाट द्वन्द्व भड्किन सक्ने अवस्था र यसको प्रभावलाई सम्बोधन गर्नसक्ने पद्धतिहरूको पहिचान गर

विकासको मूल लक्ष्य गरिबी उल्मूलन भएकोले यस खण्डमा गरिबी र द्वन्द्वको अन्तरसम्बन्धका बारेमा चर्चा गरिनेछ र कसरी राजनीतिक रूपले सुसूचित गरिबी निवारण र द्वन्द्व नियन्त्रणको नीतिले एक-अर्कोलाई सवल पार्छन् भन्नेबारे चर्चा गरिनेछ। खासगरी दीर्घकालीन र राज्यका संस्थाहरूको क्षय भएको अवस्थामा हिंसात्मक द्वन्द्वले गरिबीको बाटो खोल्दछ। सैनिक र नागरिकहरूको मृत्यु, विस्थापन र विकलाङ्गताजस्ता प्रत्यक्ष परिणामहरूको अतिरिक्त द्वन्द्वले दीर्घकालीन राजनीतिक, आर्थिक, वातावरणीय र सामाजिक मूल्य चुकाउँछ। तिनीहरू निम्नलिखित छन् :

- राजनीतिक संस्थाहको क्षय
- राज्यको आधारभूत सेवा दिने क्षमतामा ह्रास
- उत्पादनका आधारहरूको नास
- पूँजीको पलायन
- खाद्य उत्पादनमा ह्रासको दशक (२०४७-२०५६ साल) मा अफ्रिकामा वार्षिक कृषिउत्पादनमा १२% ह्रास भएको अनुमान गरिएको थियो।[६]
- प्राकृतिक स्रोतको विनास र ह्रास
- सामाजिक सञ्जालको छिन्नभिन्नता


© फेवेर, इन्टरनेशनल एलर्ट तथा सेफर वर्ल्ड २०६० मा सर्वाधिकार सुरक्षित

## २.१ मानव विकास र मानव अधिकार

गरिब-पक्षीय विकासका धेरै तथ्यहरू छन् । मानव सुरक्षा र मानव अधिकार ती मुख्य पक्षहरू हुन् जसको द्वन्द्वसित सम्बन्ध छ ।

**कोष्ठ-४: मानव सुरक्षा**

१९९० को दशकको मध्य (२०५२ सालतिर) मा संयुक्त राष्ट्रसंघले परिभाषित गरेअनुसार मानव सुरक्षाका दुई लक्ष्य छन् । एउटा 'डरबाट मुक्ति' (यसले हिंसा, अपराध र युद्धलाई सङ्केत गर्दछ) र अर्को 'अभावबाट मुक्ति' (यसले जनताको सुखको बाटोमा आइपर्ने अर्थतन्त्र, स्वास्थ्य, वातावरण र अरू जोखिमहलाई जनाउँछ) ।[७]

एक अर्को मौलिक परिभाषाअनुसार व्यक्तिगत मानव सुरक्षा भन्नाले राज्यको सुरक्षा माथिको अतिक्रमण भन्ने बुझिन्छ । यस्तो पद्धतिले राज्यले आफ्ना नागरिकहरूको सुरक्षा गर्न सकेन वा चाहेन भने 'सेनाले गरेको' मानवीय हस्तक्षेपलाई वैधानिकता दिने काम गर्छ ।[८]

मानवसुरक्षा अवधारणाले गरिब जनताको आवश्यकतालाई समष्टिगत रुपमा हेर्दछ । उनीहरुको विकासका लागि भएका प्रयासलाई महत्व दिन्छ । द्वन्द्वसम्बन्धी चेतना जागृत गराउन र वर्वादीका बारेमा सचेत पार्न सघाउँछ ।

**कोष्ठ-५: मानव अधिकारमा आधारित पद्धति**

यो पद्धतिले आर्थिक, सामाजिक र साँस्कृतिक विकासलाई राजनीतिक तथा नागरिक अधिकार प्राप्तिसित जोड्दछ । यसले संवेदनशील विकासको लागि उपयोगी अवधारणात्मक ढाचा प्रदान गर्दछ । यो पद्धतिका खास सान्दर्भिक तत्वहरू निम्न लिखित छन् :

- गरिवीप्रतिको सर्वाङ्गीण दृष्टिकोण : मानव अधिकारले एउटा खास परिस्थितिको विश्लेषण गर्ने सर्वाङ्गिण ढाचा प्रदान गर्दछ जसले राजनीतिक तत्वहरू, असुरक्षा र द्वन्द्वलाई घ्यानमा राखेको हुन्छ । अधिकारको अभिभाज्यतामा आधारित भएर आर्थिक राजनीतिक र सुरक्षासम्बन्धी अभावलाई विस्तृत रूपमा सम्बोधन गर्ने रणनीति विकास गर्न सहयोग पुऱ्याउँछ ।
- द्वन्द्व र अधिकारः अधिकारमा आधारित विकास खासगरी गरिबीप्रति परिलक्षित हुन्छ, जुन शक्तिशाली समूहद्वारा असमान व्यवहार र अधिकारबाट वञ्चित गरिएको कारण उत्पन्न भएको हुन्छ किनकि यो कुरा मानब अधिकारको विश्वव्यापी सिद्धान्तविपरीत छ । हिंसात्मक द्वन्द्वमा युद्धरत पक्षहरूबाट र द्वन्द्वको कारण आफ्नो राजनीतिक र आर्थिक स्वार्थ पूर्ति गरिरहेका व्यक्तिहबाट साधारण जनताका अधिकारहरू व्यवस्थित ढङ्गले अतिक्रमण गरिएका हुन्छन् । अधिकारमा आधारित प्रतिक्रियाले ती अधिकार प्राप्त गर्न जनतालाई सक्षम बनाउने लक्ष्य राख्दछ । यसले द्वन्द्व उत्पन्न गराउने शक्ति संरचनालाई कमजोर पार्ने सम्भावना हुन्छ । झट्ट हेर्दा यसले द्वन्द्व घटाउनु पर्ने हो तर यसले आफूलाई समर्थन गर्ने शक्ति संरचना कायम राख्ने उद्देश्यले सम्भ्रान्त वर्गलाई प्रतिरोधमा उतार्छ । तर यसको असर भने उल्टो हुन जान्छ । त्यसकारण अधिकारमा आधारित पद्धति द्वन्द्व संवेदनशील, सहभागितामूलक र उत्तरदायी हुनुपर्छ । अधिकारमा आधारित पद्धतिले विकासकर्ताहरूबाट उत्तरदायित्वको माग गर्दछ र सहभागितालाई प्रोत्सोहित गर्दछ । उत्तरदायित्व, सहभागिता, समावेशीकरण स्थानीय क्षमता अभिवृद्धि समस्याको शान्तिपूर्ण समाधानका पूर्वशर्त हुन् । विकास सन्दर्भका यी विशेषताहरूको वृद्धि गर्नाले अहिंसात्मक रूपले द्वन्द्व समाधान गर्ने क्षमता बृद्धि गर्न समाजलाई सहयोग गर्दछ ।

## २.२ द्वन्द्वको राजनीतिक अर्थशास्त्र

द्वन्द्वले समाजका केही क्षेत्रलाई फाइदा पुऱ्याउँछ । यसले द्वन्द्वलाई सधैं कायम राख्ने र शान्तिलाई बाधा पुऱ्याउने निहित स्वार्थी समूहको जन्म हुन्छ । त्यसैले द्वन्द्व संवेदनशीलता लागू गर्दा राजनीतिक अर्थशास्त्रलाई घ्यान दिनु पर्ने महत्वपूर्ण विषय हुनजान्छ ।

अधिकांशतः द्वन्द्व सम्बोधन नभएका "असन्तुष्टिहरू" बाट जन्मेको विश्वास गरिन्छ । जस्तो जातीय र धार्मिक भेदभाव, स्रोतहको असमान वितरण र बेरोजगारीमा नाटकीय वृद्धिआदि । अनुसन्धानकर्ताहरूले[९] हालसालै "लोभ-लालचको" पनि द्वन्द्वमा भूमिका भएको चर्चा गर्न थालेका छन् र द्वन्द्वमा सामेल हुँदा प्राप्त हुने लाभतर्फ घ्यान आकर्षण गर्न थालेका छन् । सशस्त्र सेनामा रोजगारी, दुर्लभ स्रोत र सत्तामा पहुँचआदि त्यसका उदाहरण हुन् ।


© फेवेर, इन्टरनेशनल एलर्ट तथा सेफर वर्ल्ड २०६० मा सर्वाधिकार सुरक्षित

द्वन्द्वको राजनीतिक अर्थशास्त्रलाई "लालच"[१०] अथवा "असन्तुष्टि" को रूपमा मात्र चित्रित गरेको प्रायः पाइँदैन तर "असन्तुष्टि" बाट 'लालच' तर्फको परिवर्तन भने देख्न सकिन्छ। उदाहरणका निम्ति खाना र आपूर्तिका लागि कोषको आवश्यकता पर्छ। जुन उनीहरू प्रायः गैरकानुनी व्यापारिक गतिविधि र "करहरू" (अपहरणबाट प्राप्त फिरौती) यस प्रकारको कोष सङ्कलन साधन बन्न छोडेर आफैमा एउटा साध्य बन्दछ। धेरै समीक्षकहरूको तर्क छ, उदाहरणको लागि कोलम्वियामा द्वन्द्वरत पक्षहरू नागरिकका विशिष्ट असन्तुष्टिहरुको सम्बोधन गर्नभन्दा गैरकानुनी लागू पदार्थको व्यापारमा नियन्त्रण गर्न बढी चासो राख्छन्।

समयक्रमसंगै हिंसात्मक द्वन्द्वले राजनीतिज्ञ, कमाण्डर र योद्धाहरूद्वारा नियन्त्रित युद्ध अर्थन्त्रको उत्पत्तिलाई प्रोत्साहन गर्दछ। यिनीहरूको उद्देश्य नाफा, सत्ता र संरक्षणको नयाँ रूपको सिर्जना गर्नु हो।[११] यसका मुख्य क्रियाकलापहरूमा कानुनी र गैरकानुनी आर्थिक गतिविधिहरूमा कर लगाउनु, सम्पत्तिहरण अथवा लुट, नाकाबन्दीआदि पर्छन्। यसको साथै युद्धमा बाहिर बसेर उच्च नाफा कमाउने एउटा छायाँ अर्थतन्त्रको जन्म हुन्छ। राजनीतिक र अन्य व्यवसायीहरू आम असुरक्षा र शान्ति सुव्यवस्थाको अभावको फाइदा उठाएर अमूल्य प्राकृतिक सम्पदाहरूको दोहन, गैरकानुनी सामान (लागू पदार्थ) को व्यापार र उच्च मूल्यका वस्तुहरूको कालोबजारीजस्तो काममा लाग्दछन्।

यो सबै कुराको परिणाम सत्ता र सम्पत्तिको केन्द्रीकरण, आर्थिक स्रोतको विनास र जोखिममा रहेका समूहहरूको गरिबीकरण हुन पुग्दछ। द्वन्द्व संवेदनशीलताको अभावमा अन्तर्राष्ट्रिय सहयोगले युद्ध लम्याएर फाइदा लिने निहित स्वार्थी तत्वहरूलाई परिस्थिति बिगार्न झन मद्दत पुऱ्याउँछ। उदाहरणका लागि स्थानीय नेताहरूले द्वन्द्वसित सम्बन्धित राहतको एउटा हिस्सामा नियन्त्रण गरेर नाफा लिन्छन्, वेरोजगार रहने युवाहरूलाई विकास संस्थाहरूले बढी तलव भएका कामहरूमा आकर्षित गर्दछन्। द्वन्द्वले सिर्जना गरेका आर्थिक संस्थानहरू शान्ति स्थापनालाई बाधा पुऱ्याउने सबभन्दा शक्तिशाली अवरोधहरू हुन्।

युद्ध अर्थतन्त्रलाई बढावा दिएर विद्यमान द्वन्द्वलाई नचर्काउन विकास संस्थाहरूले आफ्ना रणनीति र दृष्टिकोण अनुरूपको राजनीतिक अर्थतन्त्रलाई स्थान दिनु पर्दछ। समयचक्रसँगै द्वन्द्वले असन्तुष्टिबाट लालचतर्फ सङ्क्रमण गर्ने हुँदा विकास-संस्थालगायत सबै संस्थाले असन्तुष्टिलाई समयमै सम्बोधन गर्नु पर्दछ। राजनीतिक अर्थशास्त्रलाई छिटै प्रभावकारी ढङ्गले सम्बोधन गर्न द्वन्द्व संवेदनशीलतालाई सुनिश्चित गर्नु अति आवश्यक छ।

## २.३ असमानता र भेदभाव द्वन्द्वको स्रोत

आर्थिक तथा मानव सुरक्षाका तत्वहरू र गरिबीले विकास एजेण्डामा महत्वपूर्ण भूमिका खेल्दछन्। गरिबी हिंसाको कारण हो भन्ने व्यापक धारणा रहेको पाइन्छ। यद्यपि यी दुईको बीचमा प्रत्यक्ष सम्बन्ध देखिदैन। आज धेरैजसो हिंसात्मक द्वन्द्वहरू गरिब राष्ट्रहरूमा भएको देखिन्छ। तापनि सबभन्दा गरिब देशमा अनिवार्यरूपले द्वन्द्व भएको पाइँदैनन्। न त सबै गरिब देशहरू द्वन्द्वमा सामेल भएका छन्। अनुसन्धानले देखाएको छ कि गरिबी र खासगरी धनी र गरिब बीचको अति असमानता द्वन्द्वको कारण बनेका छन् र त्यहाँ (सामाजिक, धार्मिक र जातीय समूहजस्ता खास समूहहरू वास्तविक तथा अवधारणात्मक दमनसित जोडिन पुग्दछन्।

राज्य मुठीभर सम्भ्रान्तहरूको हातमा पुग्यो भने यो भेदभाव र निजी सम्पन्नताको औजार बन्दछ अथवा यसले विभिन्न स्वार्थी समूहहरूको बीचमा समावेशी राजनीतिक प्रक्रिया (स्रोतहरूको पुनः वितरण) द्वारा मध्यस्थता गराउँन सक्छ। विश्व व्यापारको मूल्य, ऋण र शर्त बाह्य तत्वहरूले र आन्तरिक राजनीतिक गतिशीलताले राज्यको यो भूमिका खेल्ने क्षमता प्रभावित हुन्छ। नागरिक समाजले पुरकको काम गर्न सक्छन्। तर त्यसले राज्यको मध्यस्थाताको काममा हस्तक्षेप गर्नु अथवा त्यसलाई कमजोर पार्नु हँदैन।

गरिबीका असमान र (सामाजिक, धार्मिक र जातीय समुदायजस्ता भेदभावकारी मूल कारणहरूको दुवै तेर्सो (horizontal) र ठाडो (vertical) आधारभूत तह, नागरिक समाज र सरकारका हिसाबले सम्बोधन गर्न विकास लक्ष्य पूरा गर्न र द्वन्द्व संवेदनशीलता सुनिश्चित गर्न अति आवश्यक छ।

## २.४ गरिबी र द्वन्द्वमा बाहिरी सहयोगको प्रभाव

गरिबी र द्वन्द्वको गतिशीलतामा बाहिरी सहयोगको प्रभाव शंकास्पद छ। राज्यहरूले विकास सहायतालाई मानव सुरक्षाका आवश्यकता, द्वन्द्वको राजनीतिक अर्थशास्त्र, असमानता र भेदभाव, ऋण भुक्तानी र राज्यको कर्मचारीतन्त्रको तलवमा खर्च गऱ्यो मने यसले स्थायित्वलाई मद्दत पुऱ्याउँछ। तर विकास सहायताले भ्रष्टाचार, अन्यायपूर्ण यथास्थितिलाई सधैंको निम्ति कायम राख्ने काम गरेर र ऋण तिर्ने कुरालाई अत्यधिक जोडदिने नीतिलाई सहयोग पुऱ्याएर द्वन्द्वलाई चर्काउन पनि सक्छ। यसको अतिरिक्त विकास सहयोगमा केही शर्तका रूपमा संरचनात्मक


© फेवेर, इन्टरनेशनल एलर्ट तथा सेफर वर्ल्ड २०६० मा सर्वाधिकार सुरक्षित

हेरफेरका नीतिहरू पनि जोडिएका हुन्छन् जस्तो, क्षतिपूर्तिबिना नै सार्वजनिक क्षेत्रमा कर्मचारी कटौती तथा आधारभूत उपभोग्य बस्तुमा राज्यको अनुदान कटौती गर्नु पर्‍यो भने त्यसले राज्यमा तनाव उत्पन्न गर्नसक्छ ।

हिंसात्मक द्वन्द्व रोक्न सहयोग गर्नेबारे [१२] OECD- DAC को निर्देशिकामा उल्लेख गरिएको सहायता सम्बन्धी नीति निर्माताहरूको लागि पहिलो सिद्धान्त नै "हानी नगर्ने" र थाहै नपाईकन विद्यमान र सम्भावित द्वन्द्व चर्काउन सकिने सम्भावनाप्रति सजग हुनु र गरिबी र द्वन्द्वका अन्तर्निहित कारणहरूलाई प्रभावकारी ढंगले सम्बोधन गर्नु हो । विकास सहायताले हानी नगरोस् भन्ने कुरालाई सुनिश्चित गर्नाले गरिबी न्यूनीकरणको निम्ति गरिएको सहायताको प्रभावमा सुधार हुनेछ । यसले स्पष्टसित द्वन्द्व संवेदनशीलताको माग गर्दछ ।

मानव सुरक्षाको अभिवृद्धि गर्नु, द्वन्द्वको राजनीतिक अर्थशास्त्रलाई सम्बोधन गर्नु, असमानता र भेदभावका स्रोतहरू बन्द गर्नुजस्ता विकास सहयोगका द्वन्द्व संवेदनशील पक्षहरूलाई ध्यान दिन सक्यो भने विकास सहयोगले द्वन्द्वको अन्त्य गर्न मद्दत गर्नसक्छ । द्वन्द्व र गरिबीको अभिन्न अन्तरसम्बध भएको हुँदा द्वन्द्व कम भयो भने गरिबीका कैयौं अन्तरनिहित कारणको पनि सम्बोधन हुन्छ । विकास सहयोगलाई द्वन्द्व संम्वेदनशील बनाउँदा यसले विकासका उद्देश्य र लक्ष्यमाथिको समग्र असरमा सुधार ल्याउँछ र हिंसा घट्दछ ।


**© फेवेर, इन्टरनेशनल एलर्ट तथा सेफर वर्ल्ड २०६० मा सर्वाधिकार सुरक्षित**

# ३ मानवीय सहायता र द्वन्द्व

**कोष्ठ ६: मानवीय सहायताले कसरी द्वन्द्वलाई चर्काउँछ**

*प्रमुख निष्कर्षहरू*

- स्थानीय तहका युद्ध सरदारहरूले स्रोत परिचालन गरेर र विश्वस्तरमा दलीय राजनीतिक स्वार्थसिद्धिको औजारको रूपमा मानवीय सहायताको प्रयोग गरेभने यो युद्धको औजार बन्ने खतरा हुन्छ ।
- कुनै कुनै अति नै जटील परिस्थितिमा बाह्य हस्तक्षेपहरू मानवीय सहयोगमा मात्र सीमित हुन्छन् । साथसाथै अगाडि बढाइने दीगो विकास र शान्ति स्थापनाका हस्तक्षेपहरूको अभावमा मानवीय सहायताका नकारात्मक प्रभावहरू धेरै नै ठूला हुन्छन् र यसले द्वन्द्व संवेदनशीलताका आवश्यकताहरूलाई अझ टड्कारो बनाउँछ ।
- धेरै मानवीय निकायहरू आफ्नो हस्तक्षेपले द्वन्द्व चर्काउने खतराप्रति सजग हुदैछन् र कुनै-कुनैले यसको सम्बोधन गर्ने विधि र संयन्त्रसमेत बनाउँन थालेका छन् ।

*द्वन्द्व संवेदनशील मानवीय सहायताका लागि प्रमुख सिफारिसहरू*

- द्वन्द्व संवेदनशीलताले मानवतावादी संगठनहरूलाई राजनीतिकरणका चुनौतीहरू सामना गर्न सक्षम बनाउँछ । यसमा राजनीतिकरूपले सुसूचित तटस्थता द्वन्द्व निराकरणको परिप्रेक्ष, केही असल काम गर, हानी नगर, सिलसिलाबद्धता र पुरक समावेश छन् ।
- मानवीय सहायताका हस्तक्षेपहरू अति आवश्यक प्रकृतिका हुने हुँदा आपतकालीन योजना तयार गर्न र तीव्ररूपले परिवर्तनशील परिस्थितिहरूको सम्बोधन गर्नका लागि हस्तक्षेप चक्रका हर चरणहरूमा एउटा ठोस संस्थागत ढाचाको आवश्यकता पर्दछ ।

१९६४ मा पहिलो जेनेभा सन्धिमा हस्ताक्षर भएपछि मानवतावादी संस्थाहरूले हिंसात्मक द्वन्द्वको बीचमा रहेर काम गरिरहेका छन् । आफ्ना कामको सुरक्षाका लागि उनीहरूले मानवतावादी सिद्धान्तहरूको एउटा श्रृंखला तयार गरेर त्यसको अनुसरण गरिरहेका छन् । यसमा मानवतावाद, विश्वव्यापकता, तटस्थता र निष्पक्षता समावेश छन् ।[१३] यी सिद्धान्तहरूको केन्द्रविन्दुमा जीवन जोखिममा पर्ने परिस्थितिबाट पीडित सबै मानिसहरूलाई संरक्षण र सहयोग गर्ने नैतिक दायित्व रहेको छ ।

शीतयुद्धपछिका समयमा हिंसात्मक द्वन्द्वको प्रकृति परिवर्तन भएको छ किन कि राज्यहरूभित्र भएका युद्धले राज्यहरूबीचमा भएका युद्धलाई ओझेलमा पारेको छ । १९९० को मध्यमा आइपुग्दा हिंसात्मक अन्तर राज्य द्वन्द्वको व्यापकता र सम्झौताबिहीन दृष्टिकोणको नाटकीय ढंगले बृद्धि भएको छ ।[१४] राज्य भित्रको यस्तो नयाँ र दीर्घकालीन युद्धको कारण मानवीय सिद्धान्तहरू अपनाउन कठिन भएको छ । राज्यले वैधानिकता गुमाएपछि गैरसैनिक जनसंख्या हिंसाको सुनियोजित शिकार बन्दछ र अपराधीहरू सामान्य जनताभन्दा भिन्न देखिदैनन् ।

यसको अतिरिक्त मानवीय सहायताले अनपेक्षित रूपमा द्वन्द्व चर्काउन सक्ने प्रमाण पनि फेला परेको छ । सहायताको वितरणले कहिले काहीं आक्रमणलाई निम्त्याउँछ । उदाहरणको लागि (मोजाम्बिक) लडाकुहरूलाई खुवाउन भनेर लगिएको अन्न अन्तै लगिन्छ । यसरी धेरै अन्न अन्यत्र लगिंदा र मानवीय कार्यकर्ताहरू माथिको हिंसा बढ्दा सुरक्षा र यातायात सम्बन्धित ठेकेदाहरूको प्रयोग गर्नपर्ने हुन्छ । यी ठेकेदारहरूका स्वार्थ युद्ध लम्ब्याउनु मात्र हुन्छ । द्वन्द्व संवेदनशीलताले मानवीय सहायताले मानवीय लक्ष्य पूरा गरोस् र थाहै नपाईकन द्वन्द्व नचर्किओस् भन्ने कुरा सुनिश्चित गर्ने काममा भूमिका खेलेको हुन्छ ।


© फेवेर, इन्टरनेशनल एलर्ट तथा सेफर वर्ल्ड २०६० मा सर्वाधिकार सुरक्षित

## ३.१ मानवीय सहायताको राजनीतिकरण

मानवतावादी कार्यकर्ताहरूले आफ्नो कामको निरन्तर राजनीतिकरणको सामना गरेका हुन्छन् । मानवतावादी मानिसहरूमा एउटा चिन्ता छ जसलाई कोही कोही मानिसहरू उच्च तटस्थताका पक्षधर भन्दछन ।[१५] पश्चिमी देशहरू राजनीतिक रूपले संलग्न हुन नचाहेको तर नैतिक रूपले काम गर्न बाध्य भएको अवस्थामा मानवीय सहायता छनोटको नीतिगत औजार बनिरहेको छ । कसैले राहत कार्यलाई अरू प्रकारले राजनीतिको निरन्तरता पनि भन्ने गरेका छन् ।[१६] सुडान र बुरूण्डीजस्तो ठाउँमा अन्तर्राष्ट्रिय समुदायको दीगो प्रतिबद्धता नभएका कारण विकास सहयोगलाई मानवीय सहायताले प्रतिस्थापित गरेको छ । यो दक्षिणी ध्रुवका दीर्घकालीन र हल्का द्वन्द्व चलिरहेको गैररणनीतिक क्षेत्रहरूका निम्ति अपनाइएको विशेष पद्धति हो । *"आतङ्कविराधी युद्ध"* मानवतावादी संस्थाहरूको लागि बढ्दो राजनीतिक कार्य सञ्चालन वातावरणको अर्को अभिव्यक्ति हो । यसको हालसालैको ज्वलन्त उदाहरण हवाइजहाजबाट अन्न खसाएर, पुल तथा इनार खन्न गैरसैनिक पोसाकमा विशेष सैनिक खटाएर अफगानिस्तानीहरूको दिल र दिमाग जित्ने प्रयास हो । कुनै कुनै संस्थाहरूको विचारमा यूएसआइडीले इराकमा प्रदान गरेको मानवीय सहायताको ठेक्काले युद्धलाई चर्काएको छ र यसरी ठेक्काको डाक बडाबडमा भाग लिनु संगठनको सिद्धान्त र मूल्यमा सम्झौता गर्नु पनि हो । राजनीतिकरण भएको मानवीय सहायताको सबभन्दा ठूलो जोखिम युद्ध अर्थतन्त्रलाई मलजल गर्नु र स्थानीय तहको सामना गर्ने रणनीतिलाई चोट पुऱ्याउनु हो । खास गरी वर्षौं र दशकौंसम्म सहायता जारी रहँदा यस्तो हुनेगर्छ ।

हालसालै कुनै सरकार अथवा सशस्त्र समूहको व्यवहार परिवर्तन गर्न मानवीय सहायतामा शर्त राख्ने अनेकौं प्रयासहरू भएका छन् । कसैकसैले यसलाई *"तटस्थता परित्यागका पक्षधरहरू"* [१७] भन्ने गरेका छन् । यसका उदाहरणमा १९९५ को अनिकालमा अमेरिकाले खाद्य सहायता प्राप्त गर्न उत्तर कोरियाले राजनीतिक छुट दिनुपर्ने, १९९९ मा सर्वियामा विरोधीहरूले नियन्त्रण गरेको क्षेत्रमा सहयोगको सीमित प्रावधान, १९९७ मा सियरालियोनमा र १९९८-२००१ मा अफगानिस्तानमा सहायता रोक्नुलाई लिन सकिन्छ । मानवीय सहायताको विश्वव्यापी चरित्रलाई ध्यानमा राख्दा ती प्रयोगहरू अति नै विवादास्पद र धेरै हदसम्म अप्रभावकारी भएका थिए । दाता समुदायमा यस्ता प्रयत्नहरूबाट बच्ने कुरामा बढ्दो सहमति पाइन्छ ।

*"तेस्रो प्रकारको मानवतावादका पक्षधर"* [१८] भनिने समूहले शान्ति स्थापना र हिंसात्मक द्वन्द्वका मूल कारणहरू सम्बोधन गर्नमा सवल भूमिकाको पक्षमा तर्क गर्ने गर्दछन् । यो तर्कका अनुसार सहायता निकायहरूले मानवीय सहायताको राजनीतिककरणबाट बच्नु पर्दछ र द्वन्द्व घटाउन र शान्ति स्थापना गर्न योगदान पुऱ्याउनका लागि स्रोतहरूको रणनीतिक प्रयोग गर्नु पर्दछ ।

आफ्नो परिप्रेक्ष अनुरूप द्वन्द्व संवेदनशीलताले राजनीतिक स्वरूपको कार्य सञ्चालन वातावरणमा (*"उच्च निष्पक्षता अगाल्ने"* अथवा *"तटस्थता परित्याग गर्ने"* अथवा *"तेस्रो प्रकारको मानवतावाद"* का पक्षधरहरूले भने जस्तोअवस्थामा) मानवतावादी सहायताको प्रभावकारिता सुनिश्चित गर्नमा महत्वपूर्ण स्थान राख्दछ ।

## ३.२ द्वन्द्व संवेदनशील मानवीय सहायता

माथि रेखाङ्कित गरिएको मानवताबादी निकायहरूको सिद्धान्त र व्यवहार माथिको उल्लेखनीय चुनौतीहरूले मानवतावादी सहायता वितरणको नयाँ पद्धतिको खोजीलाई तीव्र बनाएको छ । सुरुमा यी पद्धतिहरूले "न्यूनतम" र "अधिकतमवादी" [१९] अडान लिएका थिए । अघिल्लोले मानवतावादी सिद्धान्तका मौलिकतातिर फर्कने माग गरेको थियो भने दोस्रोले मानवतावादका अधिकार क्षेत्र विस्तार गर्ने वकालत गरेको थियो । यो वादविवादको परिणाम स्वरूप स्फीयर म्यानुअल (Sphere Manual) लाई संशोधन गरियो र द्वन्द्वको प्रकृति र स्रोत बुझ्नाले निष्पक्षरूपले सहायता वितरण गर्न र यसका नकारात्मक प्रभावहरू घटाउन अथवा तिनीहरूबाट बँच्न मद्दत पुग्दछ भन्ने सुझावलाई समावेश गरियो ।

**कोष्ठ ७: स्फीयर परियोजना** (Sphere Project)

स्फीयर परियोजना मानवतावादी गैससहरूको एउटा समूह तथा रेडक्रस र रेड क्रेसेण्ट भन्ने संगठनले १९९७ मा स्थापना गरेको थियो । दुई वर्षको अन्तरनिकाय सहकार्यपछि स्फीयरले मानवतावादी वडापत्र तयार गऱ्यो र खाने पानी आपूर्ति र सरसफाई, पोषण र खाद्य सहायता, आश्रयस्थल र स्वास्थ्य सेवा यी पाँच प्रमुख क्षेत्रहरूमा प्रकोप सहायता प्रदान गर्दा प्राप्त गर्नुपर्ने न्यूनतम स्तरको पहिचान गऱ्यो ।


© फेवेर, इन्टरनेशनल एलर्ट तथा सेफर वर्ल्ड २०६० मा सर्वाधिकार सुरक्षित

मानवीय सहायताको द्वन्द्व संवेदनशील दृष्टिकोणले सहायताको राजनीतिक प्रकृतिलाई स्वीकार गर्दछ र निम्न तत्वहरूको माध्यमद्वारा सन्दर्भको समझदारीलाई समेट्ने काम गर्दछ -

- राजनीतिकरूपले सुसूचित तटस्थताः राजनीतिक उद्देश्यले सहायतालाई अपसञ्चालन गर्ने व्यापक प्रयासलाई हेर्दा संस्थाहरूले तटस्थताको लागि विश्व र स्थानीय स्तरको द्वन्द्वको वातावरणको गहिरो समझदारी आवश्यक पर्छ भन्ने कुरा संस्थाहरूले स्वीकार गरेका छन् ।
- द्वन्द्व रोकथामको परिप्रेक्ष (केही राम्रो काम गर्नु) : सस्थाहरूले अन्तरनिहित तनाव र द्वन्द्वका सम्भावित कारणहरू बुझ्न आवश्यक छ जसले गर्दा तिनीहरूको प्रभावकारी सम्बोधन गर्न सकियोस् ।
- हानी नगर : संस्थाहरूले आफ्ना कामका इच्छित तथा अनिच्छित प्रभावहरूको अनुगमन गर्ने प्रयत्न गर्नु पर्दछ जसले गर्दा अस्थिरता र हिंसालाई चर्काउन योगदान नपुगोस् ।
- सिलसिलाबद्धता र पूरकताः विभिन्न अधिकार क्षेत्र भएका संस्थाहरू (मानवतावाद, विकास, शान्ति स्थापना) एक-अर्काको पूरकको रूपमा काम गर्न सहयोग पुऱ्याउने संरचनाको विकास । यसको लागि संयुक्त मूल्याङ्कन र योजना (द्वन्द्व विश्लेषण योजना) को आवश्यकता पर्न सक्छ ।


© फेवेर, इन्टरनेशनल एलर्ट तथा सेफर वर्ल्ड २०६० मा सर्वाधिकार सुरक्षित

# ४ द्वन्द्व संवेदनशील साझेदारी

यो खण्डमा अन्तर्राष्ट्रिय सहायताको क्षेत्रमा दक्षिण र उत्तरका सरकारहरूका बीच तथा नागरिक समाज र निजी क्षेत्रको बीचमा सिर्जना भएको द्वन्द्वका सम्बन्धमा प्रकाश पारिनेछ। खासगरी द्वन्द्वले सिर्जना गरेका नयाँ रूपहरूको यहाँ परीक्षण गरिनेछ। प्रमुख विकास सहयोग सम्झौताहरूको बारेमा कोष्ठ ८ मा वर्णन गरिएको छ।

**कोष्ठ ८. विकास सहयोग सम्झौताहरू विश्व बैंक गरिबी न्यूनीकरण रणनीतिपत्र**

गरिबी न्यूनीकरण रणनीतिहरू अति गरिब देशहरूमा दाताहरूको सहायतालाई समन्वय गर्ने प्रमुख ढाचाहरू हुन्। अति धेरै ऋणमा परेका गरिब देशहरूको पहलकदमीका प्रतिक्रिया स्वरूप २०५६ सालमा विश्व बैंकले सुरु गरेको गरिबी निवारण सम्बन्धी रणनीतिपत्र ऋण राहत र नयाँ अन्तर्राष्ट्रिय मुद्राकोष र विश्व बैंकको ऋणमा पहुँच प्राप्त गर्ने एउटा पूर्वशर्त हो। व्यापक सरोकारवालाहरूसितको परामर्शको माध्यमबाट तिनीहरूमा राष्ट्रिय स्वामित्व स्थापना होस् भन्ने आशा गरिन्छ। त्यसमा गहिरो गरिबीको विश्लेषण, प्राथमिकता प्राप्त कार्य क्षेत्रको सङ्केत, वित्तीय आवश्यकता, योजना कार्यान्वयन र कार्य सम्पादन मूल्याङ्कन गर्न प्रभाव सूचकाङ्कआदि समावेश हुन्छन्। दुई पक्षीय दाताहरूले आफ्नो सहायता झन-झन धेरै गरिबी न्यूनीकरण रणनीतिपत्रका प्राथमिकतातिर लक्षित गरिरहेका छन्। २०६० को भाद्रसम्ममा यस प्रक्रियामा संलग्न भएका ५२ वटा देशहमध्ये विश्व बैंकले २५ वटालाई द्वन्द्व प्रभावित र अरू धेरैलाई ठूला मात्रामा हिंसा चर्कन सक्ने किसिमको सामाजिक र आर्थिक अवस्था भएका देश ठानेको छ। यो बैंकले अरू साझेदारहरूसित मिलेर द्वन्द्व प्रभावित देशहरूमा प्रभावकारी गरिबी न्यूनीकरणलाई सुनिश्चित गर्ने कार्य सुरु गरेको छ।[२०]

**युरोपेली संघ-एसीपी कोटोनौ सम्झौतायुरोपेली संघ-**

एसीपी कोटोनौ सम्झौता ७८ वटा अफ्रिकी, क्यारेबियाली र प्रशान्त क्षेत्रका देशहरू र युरोपेली संघका सदस्य राष्ट्रहरूका बीचमा २०५९ सालमा भएको व्यापक वाणिज्य र सहयोग सम्झौता हो। यस अन्तरगत २०५७ देखि २०६२ सम्ममा १५ अरब २० करोड युरो बराबरको सहयोग प्राप्त भएको थियो। कोटोनौले युरोपेली संघ-एसीपीको साझेदारीको राजनीतिक आयामलाई जोड दिन्छ र प्रमुख नीतिगत सवालहरूमा नागरिक समाजसितको परामर्शलाई संस्थागत गर्दछ। सम्झौताको धारा ११ ले द्वन्द्व रोकथाम र शान्ति स्थापनामा साझेदारहरूको प्रतिबद्धतालाई स्पष्ट पार्दछ र त्यो उद्देश्यका लागि युरोपेली विकास कोषको पैसा प्रयोग गर्ने कानुनी आधार तयार गर्दछ।

**अफ्रिकाको विकासको लागि नयाँ साझेदारी**

२०५८ मा दक्षिण अफ्रिका नाइजेरिया, सेनेगल, इजिप्ट र अल्जेरियाले नेतृत्व गरेको NEPAD पहलकदमीको सुरुवात भएपछि अफ्रिकी महादेशमा गरिबीविरूद्ध लड्न र त्यस महाद्वीपमा विकास प्रवर्धन गर्न अफ्रिकाका नेताहरूले उनीहरू र दाताहरूको बीचमा समझदारी गहिरो बनाउँन आवश्यक छ। NEPAD ले OECD को जस्तै जोडी समीक्षा (Peer review) पद्धतिद्वारा आर्थिक र राजनीतिक सुशासन बृद्धि गर्ने लक्ष्य राख्छन्। यसले दाता राष्ट्रहरूसित विकसित साझेदारीको परिस्थिति सिर्जना गर्न मद्दत गर्नेछ। यस्तो सहयोग परस्पर उत्तरदायित्वको ढाचाभित्र प्राप्त गरिन्छ। NEPAD मा "शान्ति र सुरक्षाका पहलहरू" समावेश छन् जसले द्वन्द्वका अन्तरनिहित कारणहरूको सम्बोधन गरेर र अफ्रिकाका शान्ति र सुरक्षाका संस्थाहरू (उपक्षेत्रीय संगठनहरू) लाई मजबुत पारेर विकास र सुरक्षा स्थितिको दीर्घकालीन अवस्थाहरूको अभिबृद्धि गर्ने लक्ष्य राखेको छ। अफ्रिकी संघको कार्यक्रमको रूपमा नेपाड (NEPAD) ले अफ्रिकी संघको शान्ति र सुरक्षासम्बन्धी पहलको पूरकको रूपमा काम गरोस् र यसलाई मजबुत बनाओस् भन्ने अपेक्षा गरिन्छ।


© फेवेर, इन्टरनेशनल एलर्ट तथा सेफर वर्ल्ड २०६० मा सर्वाधिकार सुरक्षित

## ४.१ असन्तोषजनक कार्य सम्पादनको समस्या

दाताहरूमा उच्च स्तरको साझेदारी र सहायतालाई आर्थिक र राजनीतिक कार्य सम्पादनको मापदण्डसित जोड्ने प्रचलन छ । यसको परिणामस्वरूप तथाकथित सम्भावनायुक्त क्षेत्रहरूमा बढी सहायता प्रवाह हुने र "अषन्तोषजनक कार्य सम्पादनकर्ताहरूलाई" गरिब पक्षीय नीतिहरू कार्यान्वयन गर्ने क्षमता वा इच्छाशक्ति नभएका सरकारहरूलाई-उपेक्षा गर्ने प्रचलन छ । धेरैजसो "अषन्तोषजनक कार्य सम्पादनकर्ताहरू" या त द्वन्द्वमा संलग्न छन् या द्वन्द्वको स्थितिबाट मुक्त हुने प्रक्रियामा छन् ।

"अषन्तोषजनक कार्य सम्पादनकर्ताहरू" कम आय र बाहिरी दबावमा रहेका देशहरू विभिन्न प्रकारको अध्ययनको विषय बनेका छन् । (उदाहरणका लागि विश्व बैंकको कम आय र दबावमा भएका देशहरूसित र OECD/OAC ले अफ्ठ्यारा साझेदारहरू) । सहश्राब्दी विकास लक्ष्य[२१] अनुसार सरकारको अषन्तोषजनक कार्य सम्पादन यी देशहरूमा बस्ने लाखौं गरिब जनताहरूलाई सहायताबाट वञ्चित गर्ने कारण हुन सक्दैन । कम आय र दबावमा भएका देशहरू असफल राष्ट्र र आतङ्कबादीहरूको सुरक्षास्थल बन्ने गरेको र उनीहरूले आफ्नो क्षेत्र र त्योभन्दा पनि परसम्म अस्थायित्व फैलाउने गरेको कुरा जानकारीमा आएको छ । विश्वव्यापी सुरक्षाको दृष्टिकोणवाट यी देशहरूसित विकास सहयोग पुनः नवीकरण गर्नु विश्व स्तरमा द्वन्द्व न्यूनीकरण गर्ने नागरिक समाजको रणनीतिको एउटा अंश हुनसक्छ ।


© फेवेर, इन्टरनेशनल एलर्ट तथा सेफर वर्ल्ड २०६० मा सर्वाधिकार सुरक्षित

# ५ शान्ति स्थापना र द्वन्द्व

शान्ति स्थापनामा संलग्न भएका देशहरूको निम्ति द्वन्द्व संवेदनशील बन्नुपर्ने आवश्यकतालाई स्वीकार गर्न कठिन छ । धेरै कारणहरूले गर्दा यसो भएको हुनसक्छ तर मुख्य कारण चाहिं उनीहरूमा रहेको अवधारणा हो । उनीहरु शान्ति स्थापनाका लागि प्राप्त गरेको जनादेशका कारण आफूले जे गरेपनि शान्तिपूर्ण वातावरण पैदा भइहाल्छ भन्ने धारणा राख्दछन् । यसले ती संगठनहरूलाई उनीहरूको काम गर्ने सन्दर्भको अव्यवस्थित विश्लेषणतर्फ डोऱ्याउन सक्छ । शान्ति स्थापना परियोजना कार्यान्वयन गर्दा योजनाको अभाव, शान्ति स्थापनाप्रतिको असमन्वयात्मक र विश्रृंखलित पद्धति, अविश्वसनीय मान्यताका आधारमा शान्ति स्थापनाका परियोजनाको सफलताबारे सन्देहास्पद दावीआदि यसका अभिव्यक्ति हुन सक्छन् ।

**कोष्ठ ८: शान्ति स्थापनाले कसरी द्वन्द्व चर्काउन सक्छ**

*प्रमुख निष्कर्षहरू*

- विकास र मानवीय हस्तक्षेपको रूपमा शान्ति निर्माणसम्बन्धी हस्तक्षेपहरूले थाहा नपाईकन नै द्वन्द्व चर्काउन सक्छन् ।
- खासगरी सीमित स्थानीय कार्यकर्ताहरूसित परामर्श गरिएका र तिनीहरूमध्ये थोरैको मात्र संलग्नता भएको अन्तर्राष्ट्रिय हस्तक्षेपले स्थानीय तहबाट शान्तिको लागि भएका प्रयासलाई सघाउन असमर्थ हुन्छ ।
- द्वन्द्व संवेदनशील शान्ति स्थापना तुलनात्मक रूपले राम्रो प्रकारको शान्ति स्थापना अभ्यास हो ।
- समन्वयात्मक प्रयासलाई अभिवृद्धि गर्नु सफल शान्ति निर्माणको प्रमुख सिद्धान्त हो ।

*संवेदनशील शान्ति स्थापनाका प्रमुख सिफारिसहरू*

- आफ्ना योजनाहरूलाई प्रत्यक्ष र स्पष्ट रूपले विस्तृत द्वन्द्व विश्लेषणसित जोडेमा मात्र शान्ति स्थापनामा लागेका संस्थाहरू सबैभन्दा प्रभावकारी हुन सक्छन् ।
- एक-अर्काविरूद्ध काम नगरियोस् भन्नका लागि र एक-अर्काको परिप्रेक्षको स्पष्ट समझदारी राख्नका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय शान्ति निर्माणकर्ताहरूले मिलेर काम गर्नु पर्दछ ।

मानवतावादी र विकास संस्थाहरूलाई जस्तै शान्ति स्थापनामा लागेका संस्थाहरूलाई पनि आफ्नो कारणले द्वन्द्व चर्कन सक्छ भन्ने कुरा स्वीकार गर्न गाह्रो छ । तर प्रमाणहरूले देखाएका छन् कि तिनीहरूले द्वन्द्व चर्काउन सक्छन् । उदाहरणको लागि ठूला-ठूला असन्तुष्टिहरू पूरा गर्ने आश्वासन दिएर ती पूरा नहुँदा द्वन्द्व चर्कन सक्छ । निहित स्वार्थी तत्वहरूले यथास्थिति कायम राख्न चाहँदा र छोटो समयमा सम्झौता कार्यान्वयन गर्न पर्याप्त स्रोत उपलब्ध नहुँदा प्रायः यस्तो हुनेगर्छ । अन्तर्राष्ट्रिय निकायहरूले स्थानीय शान्ति स्थापनाकर्ता संस्थाहरूलाई द्वन्द्व संवेदनशील नभई सहयोग उपलब्ध गराउँदा यसले "शान्ति बजार" सिर्जना गर्नसक्छ । त्यो संस्थाको लक्ष्य नै अन्तर्राष्ट्रिय समुदायले उदारतापूर्वक जम्मा पारेको शान्ति कोषमा पहुँच प्राप्त गर्नु हुनेहुँदा यसले शान्ति स्थापनामा सहयोग पुऱ्याउँदैन ।

यसैगरी कुनै तहका शान्ति स्थापनामा लागेका संस्थाहरू पनि द्वन्द्व चर्काउन सक्ने पूर्वाग्रह, दलीय राजनीति र संरक्षणवादको प्रणालीबाट मुक्त छैनन् । मानवतावादी र विकास संस्थाहरू जसरी नै शान्ति स्थापनाकर्ता संस्थाहरूले पनि द्वन्द्व संवेदनशील दृष्टिकोण अपनाएर आफूले पार्नसक्ने प्रभावको बारेमा उत्तरदायित्व ग्रहण गर्नु अति महत्वपूर्ण हुन्छ ।



द्वन्द्व सचेतना अवधारण - स्रोत सामग्रीबाट साभार
© फेवेर, इन्टरनेशनल एलर्ट तथा सेफर वर्ल्ड २०६० मा सर्वाधिकार सुरक्षित

## ५.१ शान्ति स्थापनाका द्वन्द्व संवेदनशील पक्षहरू

आफ्नो कार्य सञ्चालनलाई द्वन्द्व संवेदनशील बनाउन चाहने शान्ति स्थापनाकर्ता संस्थाहरूले विकास र मानवीय सहयोगको खण्डमा व्याख्या गरिएका विचारहरूलाई ग्रहण गर्न सक्छन् । यसको अतिरिक्त उनीहरूले आफ्ना कार्यक्रम बनाउँदा प्रभावकारी शान्ति स्थापनाका विभिन्न तहहरूमा तथा स्थानीय र अन्तर्राष्ट्रिय कार्यकर्ताहरूको भूमिका र सवालहरूमा विचार पुऱ्याउनु आवश्यक छ ।

## ५.२ शान्ति स्थापनाका बहुआयामिक पक्षहरू

जब शान्ति निर्माणकर्ता संस्थाहरू बढ्दै जान्छन् र स्थानीय तहमा काम गर्न थाल्छन् तब अनेक प्रकारका चुनौतीहरू देखा पर्छन् । बाहिरी संलग्नताले स्थानीय पहलकदमीलाई कुण्ठित पार्दछ, जटील किसिमको शक्ति सम्बन्धलाई झन जटील बनाउँछ र आफ्नै प्रक्रियाहरू लादेर असन्तुष्टि पनि पैदा गर्न सक्छ । यस अर्थमा अत्यधिक र गलत तरिकाले तयार गरिएको द्वन्द्व व्यवस्थापनले वास्तवमा द्वन्द्वको स्थितिलाई चर्काउँछ । अनुभवले देखाएको छ कि आफ्नो तहमा शान्ति स्थापनाकर्ताहरू विशेष प्रभावकारी हुन्छन् भने अन्य तहमा उनीहरूको प्रभाव सीमित हुने गरेको छ । गाउँका वरिष्ठ नागरिकहरूले युवा पशु-चोरविरूद्ध अधिकार र बन्देज प्रयोग गर्न सक्छन् तर उनीहरूको इलाकामा मानव बसोबास गराएर द्वन्द्व चर्काउने सरकारको नीतिका विरूद्धमा उनीहरूको प्रभाव थोरै हुनसक्छ । राष्ट्रिय स्तरका समूहहरू र सांसदहरूले अन्तर्राष्ट्रिय गैससहरूसित मिलेर यस्ता निर्णयहरूमा प्रभाव पार्न सक्छन् । त्यसैले अन्तर्राष्ट्रिय संस्थाहरूले स्थानीय कार्यकर्ताहरू र शान्ति स्थापनामा प्रयोग भएको शान्ति प्रक्रियालाई बुझ्ने प्रयास गर्नु अति आवश्यक छ जसले गर्दा उनीहरूका सवलपक्षको सम्बोधन हुनपुग्छ र कमीहरू रहेका ठाउँमा सहायता पुऱ्याउन सकिन्छ ।

## ५.३ शान्ति स्थापनाका स्थानीय र राष्ट्रिय पक्षहरू

द्वन्द्व र शान्ति स्थापनाका सम्बन्धमा आर्जन गरिएको स्थानीय ज्ञानलाई राष्ट्रिय तहमा प्रयोग गर्न अझ धेरै काम गर्न सकिन्छ । सर्वप्रथम द्वन्द्वले लुटपाट, भाडा असुली, (सरकारले त्यसै अथवा कम मूल्यमा उपलब्ध गराउने सेवाको निम्ति सरकारी अधिकृतहरूले शुल्क लिने) अथवा गैरकानुनी व्यापारजस्ता कुशासन तथा राज्यद्वारा भएको अपसञ्चयको लामो इतिहासलाई प्रतिविम्बित गर्छन् भन्ने कुरा आत्मसात् गर्नु उपयोगी हुनसक्छ । स्थानीय सन्दर्भबाट सम्भ्रान्त वर्गले द्वन्द्वमा भागलिनुको आर्थिक र राजनीतिक औचित्य बुझ्नु राष्ट्रिय तहमा समाधानका रणनीतिहरूलाई परिभाषित गर्ने महत्वपूर्ण पूर्वशर्त हुनसक्छ ।

शान्ति निर्माणका स्थानीय रूपहरूको चर्चा गर्दा प्रायः "परम्परागत द्वन्द्व" को कुरा उठ्ने गर्दछ र पूर्वी अफ्रिकाको सन्दर्भमा पशु-चोरी कहिले काहीं हिंसात्मक द्वन्द्वमा परिणत हुन्छ । युगौं पुरानो आदिवासी प्रचलनलाई अनुसरण गरेर यसो गरिने भएकाले यसलाई बारम्बार परम्परागत द्वन्द्व भन्ने गरिन्छ । यस्ता द्वन्द्वहरूले परम्परागत भेष धारण गरे पनि आज तिनीहरूलाई भरथेग गर्ने काम राष्ट्रिय, राज्य र विश्व स्तरको अर्थतन्त्रले गरेको छ भन्ने कुरालाई स्वीकार गर्नु अति नै आवश्यक छ । उदाहरणको लागि अनुसन्धानले मानिसलाई खाना दिनु तर जनावारलाई नदिनु खाद्य सङ्कटलाई सम्बोधन गर्ने गलत तरिका हो । यसले मर्न लागेका या मरिसकेका जनावरहरूको सट्टाभर्ना गर्न गाईवस्तु चोरीलाई प्रोत्साहन गर्न सक्छ ।[२२]

जब बाल-सैनिकहरूदेखि लिएर अनेक हिंसात्मक क्रियाकलापमा भाग लिएकाहरूले आफ्नो कार्यप्रति उत्तरदायित्व बहन गर्नुपर्ने र समुदायमा पुनः एकीकरण हुनुपर्ने हुन्छ तब द्वन्द्वोत्तर परिस्थितिमा परम्परागत न्याय र मेलमिलापले महत्वपूर्ण स्थान ओगट्छन् । अर्धकानुनी संस्थाहरू र द्वन्द्वको घाउ भर्ने विधिहरूले पूर्व लडाकाहरूलाई पश्चाताप गर्ने र फेरि समुदायका मूल्यवान सदस्य बन्ने अवसर प्रदान गर्दछन् । तर मुख्य सवालहरूको राष्ट्रिय तहमा सम्बोधन नभईकन स्थानीय तहका प्रक्रियाले मात्रै शान्ति ल्याउँछ भन्ने आशा नर्नु साह्रै नै सोझोपन हुनसक्छ । स्थानीय तहको पहलकदमीले मुख्य भूमिका खेल्दछ, यसले धेरै तहमा शान्ति स्थापना गर्न सघाउँछ र शान्ति प्रक्रियालाई आधारभूत आयाम दिलाउँछ ।। त्यसकारण ती पहलहरू राज्यबाट लादिएका नभई स्वेच्छिक हुनु पर्दछ । द्वन्द्वलाई दीर्घकालीन ढङ्गले रोकथाम गर्नका लागि विवाद समाधान, न्याय र द्वन्द्व समाधानका स्थानीय सिद्धान्तहरूलाई सवल पार्न आवश्यक पर्दछ । यसको संस्थागत विकासका निम्ति एउटा बहुलबादी र एकीकृत न्याय प्रणाली तथा परम्परागत मूल्य र अन्तर्राष्ट्रिय मानव अधिकारका मापदण्ड, लिङ्ग र जातिको आधारमा भेदभाव नगर्ने राष्ट्रिय संविधानको आवश्यकता पर्दछ ।

*(द्वन्द्व समाधान र मेलमिलापको अफ्रिकी सिद्धान्तबारे अखिल अफ्रिकी सम्मेलनको प्रतिवेदन, अदिस अव्राबा, कार्तिक २०५६) ले अफ्रिकाका लागि केही सिद्धान्तहरू तय गर्छन् ।* (कोष्ठ १० हेर्नुहोस् ।)


© फेवेर, इन्टरनेशनल एलर्ट तथा सेफर वर्ल्ड २०६० मा सर्वाधिकार सुरक्षित

**कोष्ठ १०: द्वन्द्व समाधान र मेलमिलापको अफ्रिकी सिद्धान्त**

*अन्तरनिहित सिद्धान्त*

*सम्भावित द्वन्द्वलाई हिंसात्मक सङ्घर्षमा विकास हुनबाट रोक्नु, संवाद र सहमति निर्माणको प्रक्रिया सुरु गर्नु, आवश्यक भएका ठाउँमा सबै पक्षहरूको बीचमा मेलमिलाप कायम गर्नु र शोषणविहीन सम्बन्धको पुनःस्थापना गर्नु अथवा अपराधकर्मीहरूलाई समुदायमा पुनः बसोवास गराउनु र सामाजिक एकता कायम गर्नु ।*

*प्रक्रियाहरू*

- द्वन्द्व अथवा अपराधको समग्र सन्दर्भ र मूलभूत कारणहरू पत्तो लगाउनु
- द्वन्द्व/अपराधको सार्वजनिक छलफलबाट देखा परेका अपेक्षित परिणामहरू र समाधान प्रतिको दलहरू बीचमा रहेको दृष्टिकोणबारे सहमति निर्माण गर्नु
- उत्तरदायित्वको सार्वजनिक स्वीकारोक्ति र परिवार/समूह/वंशलगायत अरू कार्यकर्ताद्वारा उत्तरदायित्वको हिस्सेदारी ग्रहणलगायत अपराध कार्यप्रति व्यक्त गरिएको पश्चाताप
- क्षतिको आँकलन र प्रतिकात्मक अथवा समानुपातिक जे भए पनि क्षतिपूर्ति तथा हर्जानाको रूपमा पीडित पक्षलाई न्याय दिनु सबै दलहरूले गरेको सार्वजनिक मेलमिलाप जुन सबै दलहरूका निम्ति वाध्यकारी होस् र त्यो उलङ्घन गरेको सजाय समाजबाट निष्कासन होस् ।
- मध्यस्थता र तेस्रो पक्षको सिद्धान्तको महत्व
- कविता, गीत, नृत्य, नाटक मञ्चनजस्ता भावनात्मक कलाहरूको प्रयोग

कुनैकुनै सिद्धान्तकारहरूको तर्कअनुसार अन्तर्राष्ट्रिय संगठनहरूको तुलनामा परम्परागत अधिकारीहरूले स्थानीय परिस्थिति राम्ररी बुझेका हुन्छन्, बढी वैधानिक हुन्छन् र आवश्यक छलफल चलाउन बढी दक्ष हुन्छन् । तैपनि तिनीहरूको वैधानिक हैसियत छ र आफ्नो स्वार्थका लागि काम गरिरहेका छैनन् भन्ने कुरा सुनिश्चित गर्न आवश्यक छ । उदाहरणको लागि सोमालियाको वंश संरचना कहिले द्वन्द्वको कारण र कहिले शान्तिको कारण बन्ने गरेको छ । शान्ति स्थापना द्वन्द्वमा बाँचिरहेका मानिसहरूको सर्वोच्चतामा भर पर्छ भने बाहिरी र भित्री कार्यकर्ताहरू एक-अर्काका फरक क्षमता र परिप्रेक्षका पुरक बन्न सक्छन् । उदाहरणका लागि बाहिरियाको रूपमा अन्तर्राष्ट्रिय निकायहरूले सहजकर्ता बनेर संरक्षण दिने काम गर्न सक्छन् ।

५.२ खण्डमा उल्लेख गरिएअनुसार स्थानीय शान्ति स्थापनाकर्ताहरू आफ्नो तहमा विशेष रूपले प्रभावकारी भए पनि उनीहरूको आवश्यकता भएको अरू क्षेत्रमा प्रभाव राख्दैनन् ।

## ५.४ विस्तृत विश्लेषण, योजना र द्वन्द्व

विकास र मानवतावादी संस्थाहरूले जस्तै शान्ति स्थापनाकर्ता संस्थाहरूले पनि थाहै नपाई द्वन्द्वलाई चर्काउन सक्ने भए पनि शान्ति स्थापनाकर्ताहरू द्वन्द्व संवेदनशील दृष्टिकोण अपनाउनु पर्ने आवश्यकतालाई स्वीकार गर्न असमर्थ हुन्छन् ।

स्थानीय र राष्ट्रिय संगठनहरू तथा राष्ट्रिय र अन्तर्राराष्ट्रिय तहका संस्थाहरुका बीचमा द्वन्द्व विश्लेषण, संयुक्त कार्यक्रम र परियोजना कार्यान्वयनमा समन्वय गर्नाले शान्ति स्थापनामा सघाउ पुग्दछ । उनीहरु विद्यमान तनाव नचर्कियोस् भन्ने कुरामा एकीकृत भएर अघि बढ्नसक्छन् । त्यसैगरी स्थानीय अथवा परम्परागत शान्ति स्थापनाका दक्षताहरूका सवलता र कमजोरीहरूको विस्तृत समझदारी र मूल्याङ्कनले द्वन्द्व संवेदनशील कार्य सञ्चालनमा मद्दत पुऱ्याउँछ ।

द्वन्द्वको सन्दर्भ र कार्यकर्ताहरूको विस्तृत विश्लेषणको आधारमा गरिएका सावधानीपूर्ण योजनाले शान्ति स्थापनासम्बन्धी कार्य सञ्चालन द्वन्द्व संवेदनशील हुन् भन्ने कुरा सुनिश्चित गर्न मद्दत गर्दछ र यसले शान्ति स्थापना गर्ने बढी सम्भावना रहन्छ । अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय तहका संगठनहरूले एक अर्काको क्षेत्रमा दखल दिने, अवसरहरू गुम्ने र प्रतिस्पर्धा हुने सम्भावनालाई न्यूनीकरण गर्दछ । द्वन्द्वको अपेक्षित नकारात्मक प्रभावको न्यूनीकरण गर्नुको अतिरिक्त माथि उल्लेख भएका विचारहरूलाई सम्बोधन गर्नाले शान्ति स्थापनाका सकारात्मक प्रभावहरूलाई बढाउन पनि मद्दत पुग्दछ ।


© फेवेर, इन्टरनेशनल एलर्ट तथा सेफर वर्ल्ड २०६० मा सर्वाधिकार सुरक्षित

# थप अध्ययन सामग्री

अफ्रिकी शान्ति मञ्चक, अन्तर अफ्रिकी समूह, सेफरवर्ल्ड र द्वन्द्व समाधान केन्द्र, हर्न अफ अफ्रिकामा द्वन्द्व नियन्त्रण र नागरिक समाजको संलग्नतामा विस्तारः कोटोनौ सम्झौताले ल्याएका अवसरहरू", नैरोबी, अफ्रिकी शान्ति मञ्च, २०५९ ।

कोलियर, पी. र ए हफलर, "गृहयुद्धका आर्थिक कारणहरू" *अक्सफोर्ड आर्थिक पत्र* ५०, (२०५५):५६३-५७३)

कोलिसन, एस. एम. भाटिया, एम इभान्स, आर गान्थोर्प, जे. गुडहैण्ड र एस. ज्याक्सन, " राजनीतिकरूपले सुसूचित मानवीय कार्यक्रम निर्माणः राजनीतिक अर्थशास्त्रीय पद्धतिको प्रयोग," *मानवतावादी अभ्यास सञ्जालपत्र* ४१ । लण्डन समुद्रपार विकास संस्था, २०६० ।

कुर्तिस डी., "मानवीय सहायताको राजनीतिः विलम्ब, द्विविधा र झगडा", *मानवतावाद नीति समूहको प्रतिवेदन* १० । लण्डनः मानवतावादी नीति समूह, २०५८ ।

डा. क्यामेरा, एस., एस. सी. गोम्स, टी.लेण्टिनेन्, ए. सेरिफ र जे . बोसुइट, "द्वन्द्व प्रभावित देशहरूको सम्बन्धमा युरोपेली संघको प्रतिक्रियाः कोटोनौ सम्झौता कार्यान्वयनका लागि निर्देशिका, विकास नीति व्यवस्थापनबारे युरोपेली केन्द्रको छलफल पत्र, २००१

डाभी ए. द्वन्द्वको परिस्थितिमा कम्पनीहरूको अवस्थाः त्रिपक्षीय साझेदारीको भूमिका", *प्राकृतिक सम्पदा विकास क्लस्टरका व्यावसायिक साझेदारहरू विषयक* कार्यपत्र, २०५७ साल ।

द बाल, आलेक्स, "अनिकालजनित अपराध र अफ्रिकामा प्रकोप राहत उद्योग (अफ्रिकी मामिलाहरू) अक्सफोर्ड, जेम्स कुरी २०५५ साल ।

अन्तर्राष्ट्रिय विकास विभाग, "गरिब जनताका लागि मानवअधिकार प्राप्तिः अन्तर्राष्ट्रिय विकास लक्ष्य प्राप्तिका उद्देश्यहरू," लण्डनः डी.एफ.आइ. डी., २०५७ ।

विदेश तथा राष्ट्रमण्डल कार्यालय र रक्षा मन्त्रालय, "अफ्रिकामा द्वन्द्वः परामर्श दस्तावेज," लण्डनः अफ्रिकामा द्वन्द्व नियन्त्रणमा मन्त्रिमण्डलीय उप-समिति, २०५८ साल ।

डुमा, पीट, "अफ्रिकी उपसहारा क्षेत्रमा गरिबी, द्वन्द्व र विकास हस्तक्षेप, विश्वबैंक विश्व विकास सम्मेलनमा प्रस्तुत पत्र, बोनः विश्व विकास सञ्जाल, विश्वबैंक, पुस २०५६ ।

एडसन, सारा, "मानव सुरक्षा : विस्तृत र व्याख्यात्मक टिप्पणी सहितको ग्रन्थसूची , २०५८ साल ।

गाल्टुङ्ग, जे. शान्ति र शान्तिका साधनहरूः शान्ति र द्वन्द्व, विकास र सभ्यताः ओस्लोः अन्तर्राष्ट्रिय शान्ति अनुसन्धान संस्था, २०५३ साल ।

गोडार्ड, जे.,"हिंसात्मक द्वन्द्व, गरिब, र दीर्घकालीन गरिबी, "अनुसन्धान केन्द्र कार्यपत्र ६ ।

म्यानचेस्टर, संयुक्त अधिराज्य : ऋएच्ऋ र इन्ट्रयाक, २०५८ ।

हिलहर्स्ट, डी., कसरी राम्रो काम राम्ररी गर्ने ? मानवतावादी सहायताको गुणस्तर सम्बन्ध सम्वाद र पहलहरूको समीक्षा । मानवतावादी सहायताको विस्तार गर्नेबारे अन्तर्राष्ट्रिय सम्मेलनमा प्रस्तुत पत्र, नेदरल्याण्डः परराष्ट्र मन्त्रालय, २०५८ ।

कीन, डी., "गृहयुद्धमा हिंसाको भूमिका", अडेल्फी उत्तर नं । ३१९ । अक्सफोर्डः अक्सफोर्ड विश्वविद्यालय छापाखाना र रणनीतिक अध्ययनका लागि अन्तर्राष्ट्रिय अध्ययन संस्थान, २०५५ ।


© फेवेर, इन्टरनेशनल एलर्ट तथा सेफर वर्ल्ड २०६० मा सर्वाधिकार सुरक्षित

लिली, डी. " जटील आपतकालमा नागरिक-सैनिक सम्बन्धका शान्ति स्थापना सम्बन्धी आयाम", लण्डन, इन्टरनेशनल एलर्ट, २०५९ ।

म्याक्री, जे., "अन्तर्राष्ट्रिय मानवतावादी कार्यः नीतिगत प्रवृत्तिको समीक्षा", ओडीआई ब्रीफिङ्ग पेपर ३ । लण्डनः समुद्रपार विकास संस्थान, २०५६ ।

ओ'ब्रियन, पी., "ठीक काम गराइः एउटा सम्बन्धपरक दृष्टिकोण । नैरोबीः केयर अन्तर्राष्ट्रिय, २०५९ ।

मानवाधिकार उच्चायुक्तको कार्यालय, विकासमा मानवाधिकार, http//193.194.138.190/development

आर्थिक सहयोग तथा विकास संगठन, (OECD), विकास सहयोग समिति, "असहज साझेदारीमा विकास सहयोग" पेसरसः OECD, २०५९ ।

सेफरवर्ल्ड, द्वन्द्व नियन्त्रण सञ्जाल, अफ्रिकी शान्ति मञ्च र अन्तर अफ्रिकी समूह, "युरोपेली संघलाई बुझ्ने कामः "विकार र द्वन्द्व नियन्त्रणबारे नागरिक समाजको लागि निर्देशिका," हर्न अफ अफ्रिका, लण्डनः सेफरवर्ल्ड, २०५९ ।

स्ट्युअर्ड एफ. र जे. फिटजिराल्ड (सम्पादित), युद्ध र अल्प विकास । अर्थतन्त्र र द्वन्द्वका सामाजिक परिणाम । अक्सफोर्ड : अक्सफोर्ड विश्वविद्यालय छापाखाना, २०५८ ।

स्टोडार्ड, ए., "अमेरिकाको मानवतावादी नीतिका प्रवृत्तिहरू," मानवतावादी नीति समूहको ब्रिफिङ ३ । लण्डनः मानवतावादी नीति समूह, २०५९ ।

टोरेण्टे, एन. डे, "आतङ्कवाद विरोधी युद्धः मानवतावादी कार्यको लागि चुनौती", मानवतावादी आदान प्रदान नं. २२ । लण्डनः समुद्रपार विकास संस्था, २०५९ ।

भान गेनुक्तेन, डब्ल्यू., तथा सी. पेरेज बुस्टीलो ( सम्पादित), अधिकारको निर्धनता । मानवाधिकार र गरिबीको उन्मुलन, लण्डन र न्यूयोर्कः जेडबुक्स, २०५७ ।

भाण्डेगिन्स्ट, एस, "नरसंहार तथा मानवता विरोधी अपराध पछि न्याय, मेलमिलाप र सुपुर्दगीः रूवाण्डामा प्रस्तावित लोकप्रिय गाकाका इजलासको स्थापना, अदिस अब्बाबाः द्वन्द्व समाधान र मेलमिलापको अफ्रिकी सिद्धान्तबारे अखिल अफ्रिकी सम्मेलन, मङ्सिर २०५६ साल ।

भेस्टेजेन, एस., "गरिबी र द्वन्द्वः एउटा स्वामित्वपरक परिप्रेक्ष," सीपीएन ब्रीफीङ्ग पेपर। बलिनः स्टिफटुङ्ग वीसेनस्चाफ्ट अण्ड् पोलिटिक तथा द्वन्द्व नियन्त्रण सञ्जाल, २०५८ ।

विश्वबैंक, "कम आय भएका मुलुकहरूमा दवावमा गरिएको कामः एउटा कार्यदलको प्रतिवेदन । सवसिङ्गटन डी.सी., विश्वबैङ्क, असोज २०५९ ।

ज्याटम्यान, डब्ल्यू., (सम्पादित), आधुनिक द्वन्द्वको परम्परागत समाधानः द्वन्द्वको अफ्रिकी "औषधी" बोल्डर, कम्पनी,: लिन रेनर, २०५७ ।


**© फेवेर, इन्टरनेशनल एलर्ट तथा सेफर वर्ल्ड २०६० मा सर्वाधिकार सुरक्षित**

[1] लोक कल्याणकारी कोषबाट अनुकूलित पारिएको, “शब्दावली” www.nptrust.org/

[2] स्टेफेन जोन र गारेथ वीलियम्सबाट अनुकुलित पारिएको । “आधिकारिक विकास सहायता व्यवस्थापन गर्न साझा भाषाः ODA शब्दहरूको शब्दार्थरू, अक्सफोर्ड नीति व्यवस्थापन, २०५९

[3] थोमस जी. वेस र सिण्डी कोलिन्स, मानवतावादी चुनौती र हस्तक्षेपः विश्व राजनीति र सहयोगको द्वीविधा बोल्डर कम्पनीः वेस्टभ्यू, २०५३ः २१९. आलेक्स पी. स्मीड, “पूर्व चेतावनी र द्वन्द्व नियन्त्रणका शर्तहरूबारेमा समानार्थी शब्दावली र शब्दार्थ । (संक्षेप संस्करण), FEWER, २०५५ साल ।

[4] इन्टरनेशनल एलर्ट, द्वन्द्व रूपान्तरणका लागि स्रोत पुस्तिका,बाट अनुकूलित बनाइएको, लण्डनः २०६० साल ।

[5] रूवाण्डामा आपतकालिन सहायताको संयुक्त मूल्याङ्कन, द्वन्द्व र नरसंहारको विरूद्धमा अन्तर्राष्ट्रिया प्रतिक्रयाः रूवाण्डाको अनुभवबाट शिक्षा, अध्ययन ३ः मानवतावादी सहायता र यसको प्रभाव (कोपेनहेगनः रूवाण्डामा आपतकालिन सहायताको संयुक्त मूल्याङ्कन निर्देशक समिति ज्ञढट पृष्ठ १३४) ।

डीएफआईडी, २०५८ साल ।

[6] डीएफआईडी, २०५८ साल ।

[7] मानव सुरक्षाबारे आयोग, <http//www.humansecurity-sch.org/>

[8] बाजपाइ, कान्तिः “मानव सुरक्षा लेखापरीक्षणको विचार”, क्रोक इन्स्टीच्युटको प्रतिवेदन १९ २०५७ साल ( को शिशिर) ।

[9] कोलियर, २०५५ साल

[10] कोलियर, २०५५ साल

[11] कीन २०५५ साल

[12] आर्थिक सहयोग तथा विकास संगठन, विकास सहायता संगठन “ विकास सहायता समिति निर्देशिकाः हिंसात्मक द्वन्द्व नियन्त्रण गर्न सहयोग,” पेरिस। OECD- DAC, पृ. २३ ।

[13] उदाहरणका लगि रेडक्रस अन्तराष्ट्रिय समिति हेर्नहोस, “रेडक्रस र रेडक्रेसेण्टका मूलभूत सिद्धान्तहरू, आईआरसी, २०५३ साल ।

[14] घातक द्वन्द्व नियन्त्रण गर्नेबारे कार्नेगी आयोग, घातक द्वन्द्व नियन्त्रणः अन्तिम प्रतिवेदन” कार्नेगी संस्थान, न्यूयोर्क, २०५४; डी. फीरोन तथ डेधिड डी. लेइटिन, “ जातीयता,विद्रोह र गृहयुद्ध,” अमेरीकी राजनीतिक विज्ञान समीक्षा ९७,(२०६० साल): ७५-९० ।

[15] निकोलस लिडर, “सिद्धान्तको राजनीतिः व्यवहारमा मानवतावादी कार्यको सिद्धान्त” एचपीजी प्रतिवेदन २, लण्डन, मानवतावादी नीति समूह, समुद्रपार विकास संस्था, मार्च २०५७ साल पृ ७ र २७ ।

[16] जोन सीम्यान, “ आपतकालमा कुपोषणः हामी कसरी बढी राम्रो काम गर्न सक्छौ.र उत्तरदायित्व कहाँ छ ?” प्रकोपमा २३:४, पुस २०५६, ३०६ ।

[17] लिडर, पृ ७ र २७

[18] लिडर, पृ ७ र २७

[19] गोडार्ड २००१

[20] http//Inweb18.worldbank.org/ESSD/sdvext.nsf/67bydocnName/ConflictAnalysisPoverty ReductionStrategyPapersprstinconflict-affectedcountries

[21] htt//www.developmentgoalsorg/

[22] कार्यक्रम समूह अनुसन्धान


© फेवेर, इन्टरनेशनल एलर्ट तथा सेफर वर्ल्ड २०६० मा सर्वाधिकार सुरक्षित

## परिशिष्ट (क) :

**द्वन्द्व वरिपरि, द्वन्द्वभित्र र द्वन्द्वका बारेमा गरिने कामको भिन्नता र अन्तरसम्बन्ध ।**

विभिन्न कार्यकर्ताहरूको द्वन्द्व बारेको दृष्टिकोण र विकास हस्तक्षेपसम्बन्धी धारणा बुझ्नु महत्वपूर्ण हुन्छ । तलका अनुच्छेदहरूमा द्वन्द्वसम्बन्धी तीनवटा पद्धति र तिनीहरूका आफ्नै धारणा र रणनीतिको चर्चा गरिएको छ-

**द्वन्द्व वरिपरिको कामः** द्वन्द्वलाई एउटा व्यवधान र नकारात्मक बाह्य परिस्थितिको रूपमा चित्रण गर्नुहुन्न, द्वन्द्वबाट नकारात्मकरुपले प्रभावित नभैकन विकास कार्यक्रमहरू निरन्तर चल्न सकून् भन्ने पक्षमा ध्यान दिनुपर्छ ।

**द्वन्द्वभित्र काम गर्नुः** विकास कार्यक्रम र द्वन्द्वको बीचको सम्बन्धलाई स्वीकार गर्नु पर्दछ । द्वन्द्वसित सम्बन्धित जोखिमहरूलाई न्यूनीकरण गर्नुपर्दछ जसले गर्दा द्वन्द्व गतिशीलताले विकास कार्यक्रमलाई प्रतिकूल असर नपारोस् र विकास कार्यक्रमहरूले द्वन्द्व झन् नचर्काओस् । यसलाइर्क 'हानी नगर्ने' पद्धति पनि भनिन्छ ।

**द्वन्द्वको बारेमा कामः** विकाससम्बन्धी नीतिहरू र कार्यक्रमहरू तयार गर्न होसियारपूर्ण प्रयत्न गर्नु पर्दछ जसले गर्दा हिंसात्मक द्वन्द्वको गतिशीलतालाई सकारात्मक प्रभाव पार्ने र द्वन्द्वका संरचनात्मक कारणहरूको सम्बोधन गर्ने अवसरहरूको उपयोग गर्न सकियोस् ।

यी पद्धतिबारे प्रमुख अवधारणा र सम्भावित रणनीतिसम्बन्धी थप सूचना तल दिइएको छ । खासगरी यी शब्दावलीलाई भौगोलिक सन्दर्भमा अर्थात् (स्थानीय विकास कार्यक्रम लागू हुने ठाउँ र द्वन्द्व प्रभावित क्षेत्र बीचको सम्बन्धको रूपमा) कम र द्वन्द्वसित सम्बन्धित घोषित उद्देश्य र ठोस कार्यक्रमहरूको वास्तविक कार्यान्वयनको अर्थमा बढी बुझ्नु पर्दछ ।

| | द्वन्द्व वरिपरि | द्वन्द्व वरिपरि | द्वन्द्व वरिपरि |
|---|---|---|---|
| **अवधारणा** | द्वन्द्व भनेको एउटा विग्रहकारी तत्व हो जसमाथि नगन्य मात्र प्रभाव पार्न सकिन्छ<br><br>द्वन्द्वबाट नकारात्मकरूपले प्रभावित नभैकन विकास कार्यक्रमहरू निरन्तर चल्न सक्छन् | विकास कार्यक्रमहरूलाई प्रतिकूल प्रभाव पर्न अथवा द्वन्द्व गतिशीलतामा नकारात्मक असर पर्नसक्छ<br><br>द्वन्द्व गतिशीलताप्रति संवेदनशील हुनुपर्ने आवश्यकतालाई स्वीकार गर्ने | विकास कार्यक्रमहरूले द्वन्द्व गतिशीलतामा सकारात्मक प्रभाव पार्ने अवसर बढाउन सक्छन् |
| **सम्भावित रणनीतिहरू** | द्वन्द्व प्रभावित क्षेत्रबाट फिर्ता आउने अथवा त्यो क्षेत्रबाट बाहिर रहने, खुल्ला द्वन्द्वको समयमा सहायता स्थगित गर्ने<br><br>कम जोखिम भएका ठाउँहरूमा परम्परागत विकास क्रियाकलापहरू जारी राख्ने | मध्यम या उच्च स्तरको जोखिम भएका इलाकाहरूमा प्रतिक्रियात्मक कार्यक्रमहरू पुनव्यवस्थित गर्ने<br><br>ँहानी नगर्ने' पद्धतिको अनुसरण गर्ने<br><br>सुरक्षा व्यवस्थापनमा सुधार ल्याउने<br><br>'पक्षधरता' का विषयमा बढी ध्यान दिने, अर्थात् | सुशासन, गरिबी न्यूनीकरण, सामाजिक बहिष्करणजस्ता द्वन्द्वका मूलभूत कारणहरूमा कार्यक्रमहरू केन्द्रित गर्ने<br><br>द्वन्द्वका सूचनात्मक कारणहरूलाई सम्बोधन गर्ने खालका कार्यक्रमहरू तयार गर्ने<br><br>द्वन्द्वलाई निरूत्साहित र शान्तिलाई उत्साहित गर्ने प्रयत्न गर्ने |




© फेवेर, इन्टरनेशनल एलर्ट तथा सेफर वर्ल्ड २०६० मा सर्वाधिकार सुरक्षित

| | द्वन्द्व वरिपरि | द्वन्द्व वरिपरि | द्वन्द्व वरिपरि |
|---|---|---|---|
| | | तटस्थता र निष्पक्षता अपनाउने<br><br>धेरै लगानी हुने कार्यक्रमहरू कटौती गर्ने | मध्यस्थताका प्रयत्नहरूलाई सहयोग गर्ने<br><br>मानव अधिकारको संरक्षणमा केन्द्रित हुने |
| **उदाहरण** | प्रमुख पूर्वाधारसम्बन्धी सहयोग | अन्तरराष्ट्रिय रेडक्रसका राहत कार्यक्रमहरू | शान्ति र मेलमिलापका कार्यक्रमहरू सञ्चालन गरिरहेका अन्तरराष्ट्रिय संगठनहरू<br><br>सुशासन संस्थागत सबलीकरणको लागि दाताहरूको सहयोग<br><br>अक्सफामका लागि डीएफआइडीको सहयोग र सेभ द चिल्ड्रेनका गरिबी न्यूनीकरणसम्बन्धी परियोजनाहरू |


© फेवेर, इन्टरनेशनल एलर्ट तथा सेफर वर्ल्ड २०६० मा सर्वाधिकार सुरक्षित

# विकास, मानवीय सहयोग र शान्ति स्थापनामा द्वन्द्व संवेदनशील पद्धतिः एक स्रोत पुस्तिका

यो स्रोत पुस्तिकाको प्रकाशनमा अफ्रिकी शान्ति मञ्च, द्वन्द्व समाधान केन्द्र, मानवतावादी निकायहरूको समूह, शीघ्र चेतावनी र प्रतिक्रियाबारे मञ्च, इन्टरनेशनल एलर्ट तथा सेफरवर्ल्ड मिलेर बनेको छ वटा गैसस समूहको संलग्नता छ ।

प्रकाशन समूह वित्तीय सहयोगको लागि अन्तर्राष्ट्रिय विकास अनुसन्धान केन्द्र, क्यानेडियाली अन्तर्राष्ट्रिय सहयोग, नेदरल्याण्डको विदेश मन्त्रालय, जीटीजेड र सिडा (स्वीडिस) प्रति आभारी छ । Website: http://www.conflictsensitivity.org/node/59

# विकास, मानवीय सहयोग र शान्ति स्थापनामा द्वन्द्व सचेतना : एक परिचय

विकास, मानवीय सहयोग र शान्ति निर्माणमा द्वन्द्व संवेदनशील पद्धति नामक प्रकाशनबाट संक्षेपीकृत रुपमा यो पुस्तिका साभार गरिएको हो । यस पुस्तिकाको प्रकाशनमा संयुक्त राज्य अन्तर्राष्ट्रिय विभाग अन्तरगत रहेको विकास, द्वन्द्व र मानवतावादी सहायता कोषले आर्थिक सहयोग गरेको छ । सेफरवर्ल्डले यो सामग्री शान्ति तथा पुनर्निर्माण मन्त्रालय, नेपालका लागि अनुवाद गरेको हो ।

सेफरवर्ल्ड हिंसात्मक द्वन्द्वको रोकथाम र न्यूनीकरण गर्ने तथा सुरक्षामा सहयोगात्मक पद्धति प्रवर्धन गर्ने काम गर्दछ । साथै, यसले प्रभावकारी नीति र व्यवहारलाई प्रोत्साहन गर्न पैरवी, अनुसन्धान, नीति निर्माण र अरूहरूको कार्यलाई सहयोग पुऱ्याउँदै सरकारहरू, अन्तर्राष्ट्रिय संगठन र नागरिक समाजसित काम गर्दै आएको छ ।

वेबसाइटः http://www.saferworld.org.uk/publications.php?id=148

सेफरवर्ल्ड
द ग्रेस्टोन सेन्टर
२८ चार्ल्स स्क्वेयर
लण्डन एटी १६ एचटी
संयुक्त अधिराज्य

फोन : +४४(०)२०७३२४४६४६
फ्याक्स: +४४(०)२०७३३४४६४७६
Email: general@saferworld.org.uk
Web: www.saferworld.org.uk

संयुक्त अधिराज्य रजिष्टर्ड च्यारिटी नम्बरः १०४३८४३, कम्पनी लिमीटेड ग्यारेण्टी नं.: ३०१५९४८